
# लेखापरीक्षण प्रतिवेदन

## रोङ गाउँपालिका, इलाम

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# रोङ गाउँपालिका, इलाम

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/284

विषयः **लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
इलाम।

## कैफियतसहितको राय

हामीले **रोङ गाउँपालिका**को आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१२ करोड ५० लाख ६७ हजार, गरिबसँग बिश्वेश्वर कार्यक्रमको रु.४ लाख ५ हजार र स्थानीय तह प्रशासकीय भवन पूर्वाधार कार्यक्रमको रु.४८ लाख ९६ हजार समेत गरी रु.१३ करोड ३ लाख ६८ हजार समावेश गरेको छैन।

२. गाउँपालिकाको रु.१ अर्व २१ करोड ८० लाख, ८६ हजार लेखापरीक्षण गरिएकोमा रू.३ करोड ४१ लाख बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.६८ लाख ९ हजारको प्रतिक्रियाबाट फस्यौंट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रू.१९ लाख ५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड १४ लाख १० हजार, नियमित गर्नुपर्ने रु.१ करोड २४ लाख ८१ हजार र पेस्की बाँकी रु.१४ लाख ९४ हजार रहेको छ। गत वर्षसम्म रु.२१ करोड ८८ लाख ८६ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.२३ करोड ३७ लाख ४५ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने **रोङ गाउँपालिका**सँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

## अन्य वेहोरा

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका वेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ। त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी **रोङ गाउँपालिका** व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( बालकृष्ण थापा )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

## चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४७ | ५२ | ३,४०,९९,५२४ | ० | ६ | ६८,०९,०२० | ० | ४७ | ४६ | २,७२,९०,५०४ | १९,०५,१९७ | १,२४,८०,५६९ | १,१४,१०,२५३ | ० | ० | २,३८,९०,८२२ | १४,९४,४८५ |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| इलाम | २१,८८,८६,००० | ० | १,२४,३१,४३२ | २०,६४,५४,५६८ | ० | २,७२,९०,५०४ | २३,३७,४५,०७२ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ४९ | विद्यालयमा ICT जडान | ४१,२२,२४० |
| २ | २०८०/८१ | ५४.१ | प्रशासकीय भवन | ३,८४० |
| ३ | २०८०/८१ | ३३ | पदाधिकारी अनुगमन | ६,७२,००० |
| ४ | २०८०/८१ | २४ | दाखिला नभएको | २,१७८ |
| ५ | २०८०/८१ | २६ | ढिलो दाखिला | ८,७६२ |
| ६ | २०८०/८१ | ५१ | अनुगमन प्रतिवेदन | २०,००,००० |
| ७ | २०७९/८० | ५० | विद्यालयमा ICT जडान कार्यक्रम | ५७,४७,१८० |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०७९/८० | ७४ | अनुगमन प्रतिवेदन: | १६,१८,००० |
| ९ | २०७८/७९ | ३३ | मूख्यमन्त्री ग्रामिण सडकः | १३,८२,०६५ |
| १० | २०७८/७९ | ३५ | थप कार्यः | ४,६३,४४१ |
| ११ | २०७७/७८ | १०७ | प्रमाण पेश गर्नुपर्ने | ४,९६,२९६ |
| १२ | २०७७/७८ | ८२ | अग्रिम कर | ६,००० |
| १३ | २०७९/८० | ६ | पेश्की बाँकी- | २५,९८,४५० |
| १४ | २०७८/७९ | २० | पेश्कीः | १,२०,००० |
| जम्मा | | | | १,९२,४०,४५२ |

# (८०१०३५०५३०० - रोङ गाउँपालिका, इलाम )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विद्यायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले रोङ गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारीता, सह-अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ। रोङ गाउँपालिका अन्तर्गत ६ वडा, ३५ सभा सदस्य, १५५.०६ वर्ग किलोमिटर क्षेत्रफल तथा १९१३५ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०८।२७ देखि २०८१।०९।०३ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु.१,२१,८०,८५,८३३।३० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको **रु.१,०४,९५६।००** असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | शिक्षकको वढी पारिश्रमिक निकासा भएको रकम असूली | १०४९५६.०० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

२.१ एकिकृत आर्थिक विवरण

| आय तर्फ | | | | व्यय तथा मौज्दात तर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | विवरण | | रकम | सि.नं. | विवरण | | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ६९९७०३०६ | १ | चालु खर्च | | ३११५०९८८६ |
| | क) सञ्चित कोष | ४९४३५५५९ | | | आन्तरिक | ६११६३६१० | |
| | ख) धरौटी | ९५९२७८७ | | | राजश्व वाँडफाँड | ६९०३०९०४ | |
| | ग) विविध कोष | १०९४१९६० | | | विशेष अनुदान | ४९९२७३७ | |
| | घ) प्रकोप व्यवस्थापन कोष | | | | प्रदेश समानिकरण अनुदान | ० | |
| | ङ) विविध खर्च खाता | | | | समानिकरण अनुदान | १७०८४५ | |
| | ङ) फिर्ता गर्न बाँकी अनुदान | | | | संघीय सशर्त अनुदान | १७११४५५८२ | |
| २ | राजश्व (आन्तरिक आय) राजश्व वाँडफाँड | | ९८८५७२६२ | | प्रदेश सशर्त अनुदान | ५००६२०८ | |
| | क) कर राजश्व | २६४९४२२९ | | २ | पुँजीगत खर्च | | १५०२५१८२१ |
| | ख) राजश्व वाँडफाँड | ६६१४३३६७ | | | आन्तरिक | १२८८५५४२ | |
| | ग) प्रदेश सवारी कर | ६२१९६६६ | | | राजश्व वाँडफाँड | २२६२८८६ | |
| | | | | | प्रदेश समानिकरण अनुदान | ५३०५३७६ | |
| ३ | वित्तीय हस्तान्तरण (संघीय सरकार) | | ३१८३४६००० | | समपुरक अनुदान प्रदेश | ९९९९४४६ | |
| | क) समानिकरण अनुदान | ८१८६१००० | | | समानिकरण अनुदान | ७०९६९५५९ | |
| | ख) सशर्त अनुदान | २०७४८५००० | | | संघीय सशर्त अनुदान | २११२५९२८ | |
| | ग) विशेष अनुदान | १६५००००० | | | प्रदेश सशर्त अनुदान | ५३३०००१ | |
| | घ) समपुरक अनुदान | १२५००००० | | | समपुरक अनुदान संघ | १२५००००० | |
| | | | | | विषेश अनुदान संघ | ९८७३०८४ | |
| | | | | ३ | वित्तीय व्यवस्था | | ० |
| | | | | | ऋण भुक्तानी | ० | |
| ४ | वित्तीय हस्तान्तरण (प्रदेश सरकार) | | २९६००००० | | व्याज भुक्तानी | ० | |
| | क) समानिकरण अनुदान | ५३०६००० | | | अन्य भुक्तानी | ० | |
| | ख) सशर्त अनुदान | १४२९४००० | | | | | |
| | ग) विशेष अनुदान | ० | | ४ | लगानी | | ० |
| | घ) समपुरक अनुदान | १०००००००| | | ऋण लगानी | ० | |
| | | | | ५ | विभिन्न कोषको खर्च | | १५१०५२४३ |
| ५ | वित्तीय हस्तान्तरण (अन्तर स्थानीय तह) | | ० | | कर्मचारी कल्याण कोष वेरुजु दाखिला | | |
| | | | | | विविध कोष खर्च | १५१०५२४३ | |
| | | | | | अपाङ्गता पुन स्थापना कार्यक्रम | | |
| | | | | | किसान साझेदारी कार्यक्रम | | |
| | | | | | UNDP | | |
| | | | | | विविध कोष कर दाखिला | | |
| ६ | अन्तर सरकारी अख्तियारी | | १३०३६७९५४ | | | | |
| | सामाजिक सुरक्षा तथा संरक्षण | १२५०६७२१६ | | ६ | धरौटी फिर्ता/सदरस्याहा | | २३२२४३७२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम | | | | | | |
| | गरिव सँग विश्वेश्वर कार्यक्रम | ४०५००० | | | फिर्ता | २५१८२८९ | |
| | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | ४८९५७३८ | | | सर्शत अनुदान फिर्ता | २०७०६०८३ | |
| | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ० | | ७ | अन्तर सरकारी अख्तियारी | | १३०३६७९५४ |
| | | | | | अन्तर सरकारी अख्तियारी | १३०३६७९५४ | |
| | | | | | | | |
| ७ | विभिन्न कोष तर्फको आय | | १०४५५३४० | ८ | मौज्दात | | २७१३७५८६ |
| | क) धरौटी | ४९६९०६४ | | | क) सञ्चित कोष | १३७७१०३१ | |
| | ख) विविध कोष | ५४८६२७६ | | | ख) धरौटी | १२०४३५६२ | |
| | ग) प्रकोप व्यवस्थापन कोष | | | | ग) विविध कोष | १३२२९९३ | |
| | घ) विविध खर्च खाता | | | | १ विविध खर्च खाता | | |
| | ङ) प्रदेश स्थानीय स्वायत्त शासन | | | | २ गरिवी निवारण कोष | | |
| | च) UNDP | | | | घ) प्रकोप व्यवस्थापन कोष | ० | |
| | छ) सडक वोर्ड नेपाल | | | | ङ) फिर्ता गर्न बाँकी अनुदान | ० | |
| | ज) लैङगीक हिंसा निवारण कोष | | | | च) गरिव सँग विशेश्वर कार्यक्रम फिर्ता वाकी | ० | |
| | झ) अपाङ्गता पुन स्थापना कार्यक्रम | | | | | | |
| | ट ) किसान साझेदारी कार्यक्रम | | | | | | |
| जम्मा | | | ६५७५९६८६३ | जम्मा | | | ६५७५९६८६३ |

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर)** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको आन्तरिक राजस्व खातामा रु.४,१३२।२४ मौज्दात रहेको पाइयो। तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

२.३ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ। पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.६,८१,४९,४८६।०७ मौज्दात रहेकोमा यो वर्ष रु.६,९९,७०,३०६।०७ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१८,२०,८२०। वढी जिम्मेवारी सारेको सम्वन्धमा यकिन गर्नुपर्दछ।

२.४ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। आर्थिक वर्षको अन्तमा पालिकाको सवै खाताको मौज्दात वैंक स्टेट्मेन्ट वमोजिम रु.२,७१,४१,७१७।९१ रहेकोमा श्रेष्ता अनुसार

रु.२,५५,००,९६९।७४ मात्र देखिएकोले श्रेष्ता भन्दा बैंक मौज्दात बढी देखिएको रु.१६,४०,७४८।१७ को सम्वन्धमा यकिन गरी श्रेष्ता र बैंक बीच हिसाव मिलान गर्नुपर्दछ।

२.५ **कर दायित्व** - पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.७६,९९४। देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७६,९९४ |

३ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली सवल रहेकोमा विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन् ।

**वजेट व्यवस्थापन तर्फ**

• आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को अनुसुची ११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको,

• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति नगरेको,

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा नगरेको,

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्न एकिकृत दिर्घकालिन योजना तयार नगरेको र मध्यकालीन लक्ष्यहरु तोकि मुल्याङ्कन नगरेको,

• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार नगरेको,

**भ्रमण खर्च व्यवस्थापन तर्फ**

• भ्रमण अभिलेख खाता राख्ने नगरेको,

• भ्रमण खर्च नियमावली, २०६४ मा उल्लेख भए बमोजिम पालिकाका पदाधिकारी र कर्मचारीहरुको अनुगमन तथा भ्रमण खर्च भुक्तानी गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्धेश्य, कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल स्पष्ट उल्लेख नगरी भ्रमण गर्ने गरेको र भ्रमण पश्चात् भ्रमण प्रतिवेदन आंशिक रुपमा मात्र लिने नगरेको,

• गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ८ बमोजिम पालिकाका पदाधिकारी भ्रमण गर्दा आफ्नो पालिकाभन्दा बाहिर बास बस्नु पर्ने गरी भ्रमण गर्नुपरेमा पालिका अध्यक्षले ३ दिनसम्मको भ्रमण आफै र सो भन्दा बढी ७ दिन सम्मको कार्यपालिकाको बैठकबाट स्वीकृत गर्नुपर्नेमा सो अनुसार गर्ने नगरेको,

**खरिद व्यवस्थापन तर्फ**

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको,

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी कार्यान्वयन गर्नुपर्नेमा सो अनुसार नगरेको,

• संस्था दर्ता ऐन, २०३४ दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन भई सम्झौता गर्ने उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नभएको,

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमनबाट देखिएको व्यहोरा उल्लेख गरी प्रतिवेदन गर्ने नगरेको,

• उपभोक्ता समितिबाट सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा सो को मुल्यांकंन नगरेको,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको पूर्ण रुपमा कार्यान्वियन र अभिलेख नराखेको,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता नराखेको,

**शिक्षातर्फ**

• स्थानीय तहले विद्यालय अनुगमन गर्ने मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नगरेको,

• कार्यक्रम कार्यान्वियन पुस्तिकामा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन पूर्ण रुपमा नभएको,

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको,

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा अद्यावधिक नगरेको,

**विविध तर्फ**

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई आर्थिक वर्षको अन्तमा मात्र दिइएको,

• कार्यालयले उद्वेश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,

• कतिपय गोश्वरा भौचर लगायतका कागजातहरु कार्यालय प्रमुखबाट प्रमाणित नभएको,

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको,

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएता पनि कतिपय खर्चको पुष्टि हुने स्पष्ट उद्वेश्य र यथार्थता प्रमाणित हुने प्रमाण संलग्न नगरेको,

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरुजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार असुल फर्स्यौट तथा सम्परीक्षण कार्य नगरेको,

• निजामती सेवा ऐन, २०४९ को दफा ५ (क) वमोजिम सवै कर्मचारीहरुको कार्य विवरण वनाई लागू नगरेको,

अतः बजेट, आम्दानी, खर्च र सेवा प्रवाह सम्बन्धमा रहेका जोखिम नियन्त्रण गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

## ४ नीति तथा कार्यक्रम कार्यान्वयन अवस्था

स्थानीय सरकारको सर्वोच्च अङ्गको रुपमा रहेको सभाबाट पारित भएका बार्षिक नीति तथा कार्यक्रमहरु सो वर्ष तोकिएको समयमा कार्यान्वयन हुनुपर्दछ । यस पालिकाको गाउँसभाबाट आ.व.२०८०।८१ का लागि पारित भएका विभिन्न नीति तथा कार्यक्रमको कार्यान्वयन अवस्था अध्ययन तथा परीक्षण गर्दा अधिकांश नीति तथा कार्यक्रम कार्यन्वयनमा आएतापनि केहि नीति तथा कार्यक्रम आंशिक रुपमा र कतिपय नीति तथा कार्यक्रम कार्यान्वियनमानै आएको देखिएन। कार्यन्वयनमा नआएका नीति तथा कार्यक्रमका केहि उदाहरणहरु देहाय बमोजिम छन् :

कृषि तथा पशुपंक्षी

• आवश्यकता र मागको आधारमा सबै किसानहरुलाई तालिम प्रदान गरिनेछ । जसको लागि यस गाउँपालिका भित्र रहेको ३० वटै सामुदायिक विद्यालयहरुलाई कृषि पाठशालाको रुपमा घोषणा गरी प्रयोगमा ल्याइनेछ भनिएकोमा वडा नंबर ६ का ३ वटा मा. वि. मा मात्र शुरु गरिएको ।

• यस गाउँपालिकाको प्रत्येक वडाहरुमा कृषि प्रशोधन केन्द्र स्थापना गरी छरिएर रहेको कृषि उपजहरुको सहकारी मार्फत संकलन गरी प्रशोधन, ब्रान्डिङ तथा बजारीकरण गर्न एक वडा एक प्रशोधन केन्द्र, एक सहकारी नीति अपनाईनेछ साथै सहकारीलाई सबल बनाउन कृषि एम्बुलेन्सको व्यवस्थापनमा जोड दिइनेछ भनिएकोमा कार्यान्वयन नभएको ।

सहकारी, गरिबी न्युनीकरण तथा उद्यमशीलताको विकास

• "सरकार र जनताको बिचमा सहकारी" एक घर, एक सदस्य, एक सहकारी नीति अनुसार सबैलाई सहकारीमा आवद्ध गरिनेछ भनिएकोमा कार्यान्वयन नभएको ।

• सहकारी मार्फत पूँजी संकलन कार्य गरी हरेक वडामा एक सहकारी उद्योग निर्माण र हरेक वडा मा एक सहकारी पसल निर्माण र संचालन गर्ने नीति कार्यान्वियन नभएको ।

जलस्रोत तथा सिँचाइ

• पानीको स्रोत नभएको स्थानको लागि "पानीको पुन प्रयोग योजना" पाइलट योजनाको रुपमा संचालन गरिनेछ । साथै जलस्रोत उपभोगमा घट्दै गएको स्रोतको अवस्थालाई मध्यनजर गर्दै एकिकृत जलस्रोत उपभोग नीति कडाईका साथ लागू गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

शिक्षा

• यस गाउँपालिकाको माध्यमिक विद्यालयमा यस आ.व.मा जडान गरिएको सि.सि. क्यामेरा तथा ई-हाजिरीको आवश्यक नीति बनाई अभिभावकले लाइभ भिडियो हेर्ने व्यवस्था मिलाइनेछ भनिएकोमा कार्यान्वयन नभएको ।

• विद्यालयको समग्र सुधारको निम्ति तेस्रो पक्षबाट अनुगमन गर्ने व्यवस्था गर्ने नीति लिइने भनिएकोमा कार्यान्वियन नभएको ।

• साहित्यको महत्व स्थानीय स्तरमा बुझाउन गाउँपालिका स्तरमा "एउटा साहित्य प्रतिष्ठान" सञ्चालन गरिनेछ भनिएकोमा कार्यान्वयन नभएको ।

खानेपानी

• हाल सञ्चालनमा रहेका खानेपानी योजनाहरुको वितरण तथा भण्डारण प्रणाली, चुहावट न्युनिकरण तथा मर्मत सम्भार गरी "एक घर एक धारा" जडान गरी शुद्ध खानेपनीको व्यवस्था गर्ने नीती अंगिकार गरिएको छ भनिएकोमा कार्यान्वयन नभएको ।

सरसफाई

• फोहोर मैला ऐन, कानून निर्मण गरी फोहोरल व्यवस्थापनको विशेष कार्यक्रम सञ्चालन गरिनेछ । कुहिने फोहोर, पुनः प्रयोग हुने फोहोर र पुनः उत्पादन फोहोरलाई फोहोर उत्सर्जनकर्ताले नै फोहोरलाई वर्गिकृत गर्नुपर्ने नगरे दण्डनीय हुने नीति अबलम्बन गरिनेछ भनिएकोमा कार्यान्वयन नभएको ।

भौतिक पूर्वाधार विकास

• रोङ गाउँपालिकामा १० शैय्याको अस्पताल निर्माणका लागि आवश्यक प्रक्रिया अगाडि बढाइनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

सडक तथा यातायात

• सडक क्षेत्राधिकारको यकिन गर्न सडक डिभिजन कार्यलय र नापी कार्यालय संग समन्वय गरि सडक क्षेत्राधिकारको जग्गाहरु लागत कट्टा गरिने र सडक क्षेत्रधिकारको मापदण्ड पालना गर्ने गराउने कार्यलाई कडाईका साथ लागू गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

भवन आवास तथा सहरी विकास

• तालिम प्राप्त कालिगढहरुबाट मात्र घर निर्माण गर्न गराउन कालिगढ तालिम सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

• अति विपन्न आर्थिक अवस्था भएका परिवारहरुको वसोबास गर्ने घरलाई सुरक्षित नागरिक आवास कार्यक्रम मार्फत थप व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिईनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

५ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।३।१० मा रु.५३ करोड ५७ लाख ८३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।१० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।३।११ मा मात्र प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। स्वीकृत बजेट तथा कार्यक्रम तोकिएको समयमा कार्यान्वियन हुनुपर्दछ।

६ **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार २५९ योजनामा रु.१८ करोड ७६ लाख ६५ हजार वजेट विनियोजन गरेको छ।

| रु. ५ लाख सम्म | | रु. ५ लाख देखि २० लाख सम्म | | रु. २० लाख भन्दा बढीको | | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १८७ | ३१३१६ | ४६ | ४२९३५ | २६ | ११३४१४ | २५९ | १८७६६५ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २२५ योजनामात्र कार्यान्वियन भई ३४ योजना कार्यान्वियन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

७ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १५०२५२ | २०८४ | २०९४५ | ४०७३६ | ८६४८८ | ६०९७६ |
| प्रतिशत | १०० | १.३९ | १३.९४ | २७.११ | ५७.५६ | ४०.५८ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु.१५ करोड २ लाख ५२ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.२० लाख ८४ हजार (१.३९ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.२ करोड ९ लाख ४५ हजार (१३.९४ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.४ करोड ७ लाख ३६ हजार (२७.११ प्रतिशत) र चौथो त्रैमासिकमा रु.८ करोड ६४ लाख ८८ हजार (५७.५६ प्रतिशत) खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु.६ करोड ९ लाख ७६ हजार (४०.५८ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनु पर्दछ ।वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## ८ लक्ष्य प्रगति

कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनुपर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | २५९ | ६८ | २ | १२ | ९ |

प्राप्त विवरण अनुसार पालिकाको आर्थिक वर्ष २०८०।८१ को जम्मा २५९ पूँजीगत तर्फको कार्यक्रम मध्ये ६८ मा शुन्य, २ मा २५ प्रतिशत भन्दा कम, १२ मा ५० प्रतिशत भन्दा कम र ९ कार्यक्रममा ७५ प्रतिशत भन्दा कम प्रगति भएको देखिन्छ। वार्षिक कार्यक्रम वमोजिम प्रगति हाँसिल गर्ने तर्फ कार्यालयले पहल गर्नुपर्दछ ।

## ९ वार्षिक खरिद योजना/गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१५ करोड २ लाख ५२ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

## १० क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र. सं. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ७२१५९ | ५१२५७ | ११.१ |
| २ | सामाजिक विकास | २५०२९४ | २१३५७२ | ४६.२५ |
| ३ | पूर्वाधार विकास | ९५२७९ | ८०७४३ | १७.४९ |
| ४ | सुशासन तथा अन्तर्सम्वन्धित क्षेत्र | ९६७८ | ६१५१ | १.३३ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ११८३७२ | ११००३८ | २३.८३ |
|  | जम्माः | ५४५७८२ | ४६१७६१ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४६.२५ प्रतिशत र सुशासन तथा अन्तर्सम्वन्धित क्षेत्रमा सबै भन्दा घटीमा १.३३ प्रतिशत रहेको छ ।

## ११ खर्चको विश्लेषण

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.२ करोड ४६ लाख १२ हजार, राजस्व बाँडफाँड र अनुदानबाट रु.३७ करोड ८७ लाख २ हजार समेत रु.४० करोड ३३ लाख १४ हजार आम्दानी भएकोमा चालु तर्फ रु.३१ करोड १५ लाख १० हजार र पूँजीगत तर्फ रु.१५ करोड २ लाख ५२ हजार समेत रु.४६ करोड १७ लाख ६२ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ५.३३ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुबिधामा रु.८१ लाख ८४ हजार खर्च भएको छ जुन आन्तरिक आयको ३३.२५ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७७.२३ प्रतिशत चालु र ३७.२५ प्रतिशत मात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

## १२ कानून तथा सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ८ कार्यविधि मात्र निर्माण गरी कार्यान्यनमा ल्याएको विवरण पेश छ । पालिकाले आवश्यक सवै प्रकारका कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरी राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

## १३ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नदेखिएकोमा यो वर्ष दर्ता भएको ४ विवादमा ४ वटै फर्स्यौट भएको विवरण पेश गरेको छ।

## १४ दरवन्दी पदपूर्ति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी नयाँ दरवन्दी संरचना कायम गरेको छ । जसमा प्रमुख प्रशासकीय अधिकृत सहित ६९ दरबन्दी स्वीकृत रहेकोमा प्रमुख प्रशाकीय अधिकृत सहित ५७ जना स्थायी पदपूर्ती भई सूचना अधिकृत-१, प्रशासन सहायक पाचौ-५, अ.हे.ई. -२, अ.स.ईन्जियर-२, सा.चौथौ-२ लगायतका १२ पदहरु रिक्त रहेको देखिन्छ

। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु समयमै पूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।

१५ **सेवा प्रवाह**

कार्यालयको मुख्य उद्देश्य हाँसिल गर्न सेवाग्राहीलाई सरल सहज र समयमै प्रभावकारी सेवा उपलव्ध गराउनु हो । पालिकाले यस वर्ष आर्थिक, सामाजिक, पूर्वाधार विकासका अतिरिक्त नियमित सेवा तर्फ देहाय वमोजिमको सेवा प्रवाह गरेको छ । पालिकाबाट प्रवाह हुने सेवालाई अझ सरल, सहज, मितव्ययी, गुणस्तरिय र प्रभावकारी वनाउने तर्फ ध्यान दिनु पर्दछ ।

| सि. नं . | सेवाको विवरण | निवेदन | सम्पन्न |
|---|---|---|---|
| १ | नागरिकता सिफारिस | २४३ | २४३ |
| २ | घरबाटो सिफारिस | १८७ | १८७ |
| ३ | नाता प्रमाणित | ३२६ | ३२६ |
| ४ | जन्म, मृत्यू दर्ता | ८७६ | ८७६ |
| ५ | अन्य | ११७४ | ११७४ |

१६ **जिन्सी व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९(१) मा कार्यालय प्रमुखले यस नियमावली बमोजिम लगत खडा गरी राखिएको सम्पत्ती तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्बन्धमा वर्षमा कम्तीमा एक पटक आफैं वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गरी गराई महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा प्रतिवेदन लिनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष नियमावलीमा भएको व्यवस्था बमोजिम जिन्सी निरीक्षण गरेको देखिएन । जिन्सी निरीक्षण गरी प्रतिवेदन पेश नभएकोले पालिकाको जिन्सी मालसामान बारे थप विश्लेषण गर्न सकिएन । तसर्थ पालिकाले नियमावलीमा भएको व्यवस्था बमोजिम जिन्सी निरीक्षण गरी प्रतिवेदन लिई सो प्रतिवेदनका आधारमा सोहि नियमको अन्य उपनियममा भएको व्यवस्था अनुसार जिन्सी मालसामानको व्यवस्थापन गर्नुपर्दछ ।

१७ **बितरणमुखी कार्यक्रम**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले सञ्चालन गरेका केहि कार्यक्रम अनुत्पादक र वितरणमुखी कार्यक्रमहरु रहेकाले यस्ता कार्यक्रम नियन्त्रण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ पालिकाले यस्तो खर्च आवश्यकतामा आधारित रहि पारदर्शी तवरले गर्नुपर्ने र यस प्रकार सुविधा प्राप्त गर्ने लाभग्राहीको नामनामेशी सहित सार्वजनिकीकरण गर्नुका साथै यस किसिमका वितरणमुखी कार्यमा हुने खर्चमा नियन्त्रण गर्नुपर्दछ। वितरणमुखी कार्यमा भएका खर्चका केही उदाहरणहरु देहाय बमोजिम छनः

| गो भौ नं | कार्यक्रम | संख्या | भुक्तानी रकम |
|---|---|---|---|
| ९।०८०।६।२४ | महिला स्वयं सेविकालाई ब्याग वितरण | ६५ थान | ९९१५७ |
| ४३०।०८०।९।१६ | जेष्ठ नागरिकलाई रेडियो वितरण | ११०० थान | ९९४४०० |
| ६६६।०८१।१।२ | जेष्ठ नागरिक टर्च लाईट वितरण | - | ४९९६९ |
| ५७६।०८०।११।१८ | खेलकुद सामाग्री वितरण वडा नं ५ | - | ९९९४८ |
| ८९३।०८१।३।१६ | अवलोकन भ्रमण वडा नं २ का जनप्रतिनिधि र कर्मचारी | - | १००००० |
| ९३१।०८१।३।१९ | महिला संगीनी समूहलाई साडी, नौगेडी श्रृगार , ब्लाउज वितरण | २८ सेट | ९९८०० |
| ९७१।०८१।३।२२ | लिम्बु जातीको बाजा, डोल , झ्याम्टा वितरण | - | ४९७२० |

## १८ फोहोरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैला वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ ।फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाले पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

## १९ पेश्की

**म्याद नाघेको पेश्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ। पालिकाले यस बर्ष निम्न संस्था तथा उपभोक्ता समितिलाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु.१४,९४,४८५।०० बाँकी रहेको देखिन्छ । सो म्याद नाघेको पेश्की रु.१४,९४,४८५।०० फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु...

| सि. नः | पेश्की लिने व्यक्ति वा फर्मको नाम | विवरण | म्याद ननाघेको पेश्की रु . | म्याद नाघेको पेश्की रु. |
|---|---|---|---|---|
| १ | नाखोपा पुछार गाउँ ज्यामिरे मसार सिँचाई जल उ स | नाखोपा पुच्छर गाउँ ज्यामिरे मसार सिंचाइ योजना | ० | ९३४८३४. |
| २ | नाखोपा पुछार गाउँ ज्यामिरे मसार सिँचाई जल उ स | नाखोपा पुच्छर गाउँ ज्यामिरे मसार सिंचाइ योजना | ० | ५०२६५१. |
| ३ | बेंशी मोक्ष विश्रान्ति घाट उपभोक्ता समिति | बहुवन आर्यघाट निर्माण रोङ ५ | ० | ५७०००. |
| | जम्माः | | ० | १४९४४८५. |

| | |
|---|---|
| पेश्की | १४,९४,४८५ |

## २० आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३०१४९८ | २४६१२ | ८.१६ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ८.१६ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## २१ आन्तरिक राजस्व प्रक्षेपण तथा असुली

स्थानीय सरकार सञ्चलन ऐन, २०७४ को दफा ५५, ५६, ५७, ५८ र ५९ मा एकिकृत सम्पत्ती कर र घरजग्गा कर, भूमिकर(मालपोत), घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यबस्था छ भने दफा ६६ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको प्रक्षेपण गर्नसक्ने व्यवस्था छ । पालिकाको आ. ब . २०७९।८० र आ. ब . २०८०।८१ को आन्तरिक राजस्वको प्रक्षेपण तथा असुली अवस्था देहाय बमोजिम रहेको छ ।

| रोङ गाउँपालिकाको आन्तरिक राजस्व प्रक्षेपण र प्रगति शुत्र प्रणाली अनुसार | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | राजस्व शिर्षक | आम्दानी शिर्षक | आ.व. ०७९/८० | | आ.व. ०८०/८१ | | प्रगति प्रतिशत |
| | | | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | |
| १ | ११३१३ | सम्पती कर | २५०००००. | १२९३२२.९३ | ५००००००. | १०९५१.५ | ०.२२ |
| 2 | ११३१४ | भुमिकर/मालपोत | ०. | १५८५७११.८३ | ३७०००००. | ९३००९.७८ | २.५१ |
| ३ | ११३१७ | वहाल कर | ०. | ०. | २०००००. | ८४८४२. | ४२.४२ |
| 4 | ११३१८ | वहाल विटौरी कर | ५०००००. | ३३७५२७६. | ५०००००. | ०. | ०. |
| ५ | ११४५१ | सवारी साधन कर (साना सवारी) | ०. | ०. | १५००००. | ०. | ०. |
| 6 | ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ०. | ०. | १००००००. | ०. | ०. |
| ७ | ११६११ | व्यवसायले भुक्तानी गर्ने | ०. | ०. | ११०००००. | १०००. | ०.०९ |
| 8 | ११६९१ | अन्य कर | १०४०००००. | ३६३५९१. | १००००००. | ३७१८१८.४८ | ३७.१८ |
| ९ | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | ०. | ०. | ५००००००. | ०. | ०. |
| 10 | १४२२१ | न्यायिक दस्तूर | ०. | ०. | ०. | २००. | २००. |
| ११ | १४२४२ | नक्सापास दस्तुर | ३०००००. | ०. | १०००००. | ०. | ०. |
| 12 | १४२४३ | सिफारिश दस्तुर | १००००००. | २४०२४६८.७२ | ८०००००. | ५८१८०. | ७.२७ |
| १३ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ५०००००. | १६१९४५.५४ | १००००००. | १५३५०. | १.५४ |
| 14 | १४२४५ | नाता प्रमाणित दस्तुर | ३०००००. | १५५०००. | १०००००. | १५५००. | १५.५ |
| १५ | १४२६५ | अन्य क्षेत्रको आय | ०. | ०. | १५०००००0. | १०५१४७०. | ७.०१ |
| 16 | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ०. | ०. | ५०००००. | ०. | ०. |
| १७ | १४५२९ | अन्य राजस्व | ३३८२६२८. | ८९५०७५३.८ | ४६१८३७२. | २४६२७५४८.७४ | ५३३.२५ |
| 18 | १४६११ | व्यवसाय कर | १५०००००. | २८२१४६१.९७ | ९०००००. | ८७९५५. | ९.७७ |
| १९ | १४२४१ | पार्किङ्ग शुल्क | ५०००००. | ०. | | | |
| 20 | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | १५०००००. | २१६००. | | | |
| २१ | ११३१ | सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | ०. | २१५३४. | | | |
| 22 | १५१११ | बेरूजू | ०. | ०. | ०. | ०. | ०. |
| जम्मा | | | २२३८२६२८. | १९९८८६६५.७९ | ४०६६८३७२. | २६४१७८२५.५ | ६४.९६ |

उपर्युक्त तालिका अनुसार पालिकाले आ. ब . ०७९।८० मा रु. २ करोड २३ लाख ८३ हजार अनुमान गरेकोमा रु. १ करोड ९९ लाख ८९ हजार अर्थात लक्ष्यको तुलनामा ८९.३० प्रतिशत असुली गरेको देखिन्छ भने आ.ब. २०८०।८१ मा रु. ४ करोड ६ लाख ६८ हजार अनुमान गरेकोमा रु. २ करोड ६४ लाख १८ हजार अर्थात लक्ष्यको तुलनामा ६४.९६ प्रतिशत मात्र असुली गरेको देखिन्छ । शीर्षकगत रुपमा हेर्दा आ.ब. २०८०।८१ मा सम्पत्ती कर रु. ५० लाख अनुमान गरेकोमा रु.११ हजार (०.२२ प्रतिशत), भूमिकर/मालपोत रु.३७ लाख अनुमान गरेकोमा रु. ९३ हजार (२.५१ प्रतिशत), व्यवसायले भुक्तानी गर्ने कर रु. ११ लाख अनुमान गरेकोमा रु. १ हजार (०.०९ प्रतिशत), वहाल कर रु. २ लाख अनुमान गरेकोमा रु. ८५ हजार (४२.५ प्रतिशत), व्यवसाय कर रु. ९ लाख

अनुमान गरेकोमा रु. ८८ हजार (९.७७ प्रतिशत), वहाल बिटौरी कर रु. ५ लाख, सवारी साधन कर रु.१ लाख ५० हजार, पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर रु.१० लाख, अन्य सेवा शुल्क तथा विक्री रु.५० लाख, नक्शापास दस्तुर रु.१ लाख, प्रशासनिक दण्ड,जरिवाना र जफत रु.५ लाख अनुमान गरेकोमा रु.० (० प्रतिशत) असुली भएको देखिन्छ भने अन्य राजस्व रु. ४६ लाख १८ हजार अनुमान गरेकोमा रु. २ करोड ४६ लाख २८ हजार (५३३.३० प्रतिशत) असुली भएको देखिएकोले पालिकाको आन्तरिक आय अनुमान र असुली यथार्थपरक देखिएन । तसर्थ पालिकाले आन्तरिक आय अनुमान गर्दा प्राप्त हुनसक्ने राजस्वका स्रोतहरुको विस्तृत अध्ययन गरी यथार्थपरक रुपमा गर्नुपर्ने एवं राजस्वको दायरा बढाई आन्तरिक आयवृद्धि गर्नेतर्फ विशेष पहल गर्नुपर्ने देखिन्छ ।

२२ **राजस्व सुधार कार्ययोजना**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गाउँपालिका तथा नगरपालिकको राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन,२०७६ तयार गरेको छ । प्रत्येक पालिकाले उक्त दिग्दर्शनलाई आधार लिई पालिकाको आन्तरिक राजस्व सुधार गरी आन्तरिक आय बृद्धिका लागि राजस्व सुधार कार्ययोजना बनाई लागु गर्नुपर्नेमा यस पालिकाले हालसम्म उक्त कार्ययोजना बनाएको छैन । स्थानीय तहको राजस्व सुधारका लागि राजस्व सुधार कार्ययोजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

२३ **व्यवसाय कर**

पालिकाको आर्थिक ऐन, २०८० को दफा ५ मा गाउँपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाईने र असुल गरिने व्यबस्था छ । उक्त ऐनको अनुसुचि–४ मा होटल एण्ड लज, रिसोर्ट, बार, रेष्टुरेन्ट, किराना पसल, सुनचाँदी पसल, कृषि तथा वनजन्य उद्योग, फर्निचर उद्योग, भाँडाकुँडा पसल, हार्डवेयर पसल, विमा एजेन्ट, बैंक तथा वित्तिय संस्था लगायत विभिन्न ६४ प्रकारका व्यवसायबाट कर, दस्तुर, शुल्क उठाउने उल्लेख छ । यो वर्ष पालिकाले रु.८७,९५५।०० मात्र व्यवसाय कर संकलन गरेको विवरण पेश भएको छ । पालिकाले पारित आर्थिक ऐनको व्यवस्था अनुसार आफ्नो क्षेत्रभित्रका यस्ता सबै व्यबसायिहरुबाट व्यवासाय कर उठाई आन्तरिक राजस्व वृद्धि गर्नुपर्दछ ।

२४ **दाखिला नभएको**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२६** को निर्णयले रू **२,१७८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२५ **वडा तर्फको राजस्व ढिला दाखिला**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धी ऐन, २०७६ को दफा २८ (१) मा जिम्मेवार व्याक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी सोहि दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गर्नुपर्ने एवं उपदफा (२) मा त्यसरी दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको १० प्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा बढी ढिलो गरेको भए १० प्रतिशतका दरले जरीवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारवाही समेत गराउन सक्ने व्यावस्था छ । यस पालिका र अन्तरगतका विभिन्न वडा कार्यालयहरुले नगदी रसिदको प्रयोग गरी असुली गरेको राजस्व तोकिएको अवधिमा दाखिला नगरेको अवस्थामा समेत यस प्रकारको कानुनको पालना नगरी ढिला दाखिला गरेको देखियो । पालिकाले जिम्मेवार व्यक्तिलाई जवाफदेही वनाई कानुनमा भएको व्यवस्था अनुरुप दाखिला गराउन लगाउनु पर्दछ । पालिका र अन्तर्गतका वडा कार्यालयहरुको असुली तथा दाखिला देहाय बमोजिम रहेको छ ।

| सि.न . | राजस्व संकलन केन्द्र | यस वर्षको असुली ( रु .) | दाखिला ( रु .) | कैफियत |
|---|---|---|---|---|
| १ | वडा नं. १ कार्यलय | ५८६८२९.७९ | ५८४८४१.७ | भाद्र, आश्विन , कार्तिक , पुस , माघ , चैत्र , बैसाख , जेठ र असारमा गरी १६ पटक दाखिला |
| २ | वडा नं. २ कार्यलय | ४९०८३६.९१ | ४९०६४७.४ | श्रावण, आश्विन , मंसिर , पुष , माघ , फागुन , चैत्र , बैसाख , जेठ र असारमा गरी १३ पटक दाखिला |
| ३ | वडा न. ३ कार्यलय | १४६८५३९.४७ | १४६८५३९.४७ | आश्विन , कार्तिक , पौष , माघ , फागुन , चैत्र , बैसाख , जेठ र असारमा गरी १२ पटक दाखिला |
| ४ | वडा नं. ४ कार्यलय | ६२४३९२.०१ | ६२४३९२.०१ | आश्विन, कार्तिक , मंसिर , पुस , फागुन , चैत्र , बैसाख , जेठ र असारमा गरी १० पटक दाखिला |
| ५ | वडा नं. ५ कार्यलय | १०८७३९७.७४ | १०८७३९७.७४ | आश्विन, मंशिर , माघ , चैत्र , बैसाख , जेठ र असारमा गरी ९ पटक दाखिला |
| ६ | वडा नं. ६ कार्यलय | ११६१८१३.२८ | ११६१८१३.२८ | भाद्र, आश्विन , फगुन , चैत्र , बैसाख , जेठ र असारमा गरी ११ पटक दाखिला |
| ७ | पालिका केन्द्र | ७०५२१६. | ६१७५९०. ०० उक्त दाखिला रकममा सोझै बैंक दाखिला भएको रकम समावेश गेको छैन। | नगदी रसिदबाट काटिएको रकम माघ, बैसाख , जेठ , र असार गरी ५ फटक दाखिला |

नोटः पालिका केन्द्रले दाखिला गर्न बाँकी रु. ८७,६२६।०० मिति २०८१।८।२६ मा दाखिला गरेको छ ।

२६ **ढिलो दाखिला**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१७** को निर्णयले रू **८,७६२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

२७ **आन्तरिक आय संकलन ठेक्का**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा भएको व्यबस्था अनुसार पालिकाले आफ्नो आन्तरिक आय सङ्कलनका लागि स्थानीय कर, सेवा शुल्क तथा दस्तुर लगाउन सक्ने व्यवस्था छ । यसका लागि पालिकाले आफ्नो क्षेत्रभित्र दैनिक हाट बाजार कर, सडक मर्मत संभार शुल्क, स्थानीय पूर्वाधारको उपभोग शुल्क, विभन्न प्राकृतिक वस्तुको विक्री तथा निकासीमा लाग्ने शुल्क लगायतका कारोबारबाट राजस्व संकलनका लागि आन्तरिक आय ठेक्का लगाई राजस्व वृद्धि गर्नुपर्नेमा यसवर्ष कुनैपनि आय ठेक्का लगाएको पाइएन ।

२८ **स्थानीय सामग्री उत्खनन् र विक्री**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) वमोजिम गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याँकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको बिक्रि गर्नसक्ने व्यबस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेका खोला (सिद्धि खोला, बिरिङ्ग खोला लगायत), खोल्सी तथा जमिनबाट संकलन गर्न सकिने स्लेट, ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको परिमाण यकिन गर्न वातावरणीय प्रभाव मूल्याँकन तथा प्रारम्भिक वातावरणीय परिक्षण गराएको देखिएन। पालिका क्षेत्रभित्र रहेको विभिन्न परियोजनाका कार्य सञ्चालन गर्न र पालिकाले उपभोक्ता समिति तथा विभिन्न माध्यमबाट सञ्चालन गर्ने योजनाहरुमा पालिका क्षेत्र भित्रका ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको निशुल्क प्रयोग हुने स्थिति

रहेको देखिन्छ । यसवर्ष पालिकालाई त्यस्ता सामग्रीको रोयल्टी तथा शुल्क प्राप्त भएको देखिएन । अतः पालिकाले आफ्नो क्षेत्र भित्रका ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुमा प्रदेश कानून बमोजिम कर लगाई आम्दानी वढाउने तथा उपलव्ध सामग्रीको अव्यवस्थित उत्खनन्, संकलन तथा उपयोग स्थितिलाई व्यवस्थित वनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

२९ **आम्दानी नबाँधेको**

पालिकाले आन्तरिक आय तर्फको दैनिक रुपमा नगदी रसिदबाट प्राप्त राजस्व तथा विभिन्न शीर्षकमा सोझै बैंक दाखिला भएको राजस्वलाई बैंक स्टेटमेन्ट तथा दाखिला भौचरका आधारमा सम्बन्धित राजस्व शीर्षक अनुसार शुत्र प्रणालीमा आम्दानी बाँध्नु पर्नेमा यसवर्ष आन्तरिक राजस्व खातामा जम्मा भएको रु.२,६४,१७,८२५।५० मध्ये रु. १९,८८,११८।०६ राजस्व शीर्षक अनुसार शुत्र प्रणालीमा आम्दानी नबाँधी आर्थिक बर्षको अन्तिम दिन (२०८१।३।३१) मा स्थानीय तह संचित कोषमा ट्रान्फर गरेको छ । यसले गर्दा शुत्रले देखाएको आम्दानी भन्दा बैंकमा बढी देखिन्छ । पालिकाको विभिन्न राजस्व शीर्षकमा उठेको राजस्व सम्बन्धित राजस्व शीर्षकमा आम्दानी नबाँधी एकमुष्ट ट्रान्फर गर्दा कुन शीर्षकमा कति राजस्व संकलन भएको हो सो समेत एकिन नहुने हुँदा शुत्र प्रणाली र बैंक भिडान हुनेगरी राजस्व आम्दानी बाँध्नु पर्दछ ।

३० **सटर भाडा**

३०.१ सटर भाडा – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था बमोजिम पालिकाले वडा नंबर ४, जोरकलश स्थित पालिकाको स्वमित्वमा रहेका विभिन्न १४ वटा सटर भाडामा लगाएको छ । सो सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् ।

सम्झौता नविकरण – पालिकाले २०७९।४।१ देखि २०८० असार मसान्त सम्मका लागि २०७९।४।१ मा सम्झौता गरी प्रति सटर मासिक रु. ३,०००।०० का दरले भाडा बुझाउने शर्तमा विभिन्न व्यक्तिलाई भाडामा लगाएको देखिन्छ । सम्झौतको बुँदा नंबर १ मा भाडा वापतको रकम प्रत्येक वर्ष १० प्रतिशतले बृद्धी हुने उल्लेख छ । तर पालिकाले आ.व.२०८०।८१ का लागी १० प्रतिशतले भाडा बृद्धी हुनेगरी सम्झौता नविकरण नगरी पालिकाको आर्थिक ऐन, २०८० मा उक्त जोरकलश स्थित सटरहरुको आ.व. २०८०।८१ का लागि मासिक भाडा दर प्रति सटर रु. ३,०००।०० नै कायम गरी साविक बमोजिमकै व्यक्तिहरुलाई भाडामा लगाएकोले भाडा दर वृद्धि गरेको देखिएन । पालिकाले समसामयिक रुपमा भाडा दर निर्धारण गरी नयाँ सम्झौता गरेर मात्र सटर भाडामा लगाउनुपर्ने देखिन्छ ।

३०.२ पालिकाले आ.व.२०८०।८१ का लागि पालिकाको आर्थिक ऐन, २०८० को दफा १०, अनुसुची- ९ मा तोकेको दर अनुसार प्रति सटर मासिक रु. ३,०००।०० मा भाडा लगाएकोमा १४ सटर मध्ये १२ सटरको देहाय बमोजिमका व्यक्तिहरुले घटी रकम बुझाएकोले नपुग रकम नियमानुसार असुल गरी दाखिला गर्नुपर्ने रु.

| क्र. सं . | पसलको नाम | प्रोपाइटरको नाम | बार्षिक हुने रु. | बुझाएको रु. | बुझाउन बाँकी रु. |
|---|---|---|---|---|---|
| १ | दिलमाया होटल | टंकनाथ अधिकारी | ३६००० | २८८२० | ७१८० |
| २ | आयुषा होटल | प्रदिप राई | ३६००० | ६२०० | २९८०० |
| ३ | गुप्ता चिया नास्ता पसल | हरेन्द्र मोदी | ३६००० | २१००० | १५००० |
| ४ | दिपेश होटल | मङ्गली तामाङ | ३६००० | ० | ३६००० |
| ५ | निश्चल होटल | देविप्रसाद खतिवडा | ३६००० | २९१०० | ६९०० |
| ६ | जोरकलश होटल | माया सेन्च्युरी | ३६००० | ३३००० | ३००० |
| ७ | सगौरब होटल | टिकाराम राई | ३६००० | ० | ३६००० |
| ८ | सिमाना होटल | राजेश गुप्ता | ३६००० | २९५०० | ६५०० |
| ९ | पदमा होटल | नरबहादुर विश्वकर्मा | ३६००० | ८३०० | २७७०० |
| १० | संगित होटल | लिला खतिवडा | ३६००० | २२८०० | १३२०० |
| ११ | दर्ता नभएको | विनिता गुरुङ | ३६००० | ३२०० | ३२८०० |
| १२ | दर्ता नभएको | विनिता गुरुङ | ३६००० | ० | ३६००० |
| जम्मा | | | | | २५००८० |

| असुल गर्नुपर्ने | २,५०,०८० |
|---|---|

३०.३ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धी ऐन, २०७६ को दफा २८ (१) मा जिम्मेवार व्याक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी सोहि दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गर्नुपर्ने एवं उपदफा (२) मा त्यसरी दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको १० प्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने व्यावस्था छ । यस वर्ष जोर कलश क्षेत्रका विभिन्न सटरहरुको भाडा वापत २०८१ जेष्ठ सम्म रु. २,३७,०२०।०० तथा असारमा रु. १६,९००।०० समेत गरी सङ्कलन भएको रु. २,५३,९२०।०० पर्यटन सुचना अधिकारी श्री गगन घिमिरेले २०८० श्रावण देखि २०८१ असारसम्म विभिन्न मितिमा बुझिलिएकोमा उक्त रकम तोकिएको समयमा बैंक दाखिला नगरी निजले २०८१ श्रावण ४ मा मात्र रु. २,१२,०००।०० दाखिला गरेको देखिन्छ भने रु. ४१,९२०।०० दाखिला गर्न बाँकी देखियो । तसर्थ दाखिला गर्न बाँकी रु. ४१,९२०।०० तथा समयमा राजस्व खातामा दाखिला नगरे वापत २०८१ जेष्ठ सम्म असुली भएको रु. २,३७,०२०।०० को नियमानुसार १० प्रतिशतले हुने जरिवाना रु. २३,७०२।०० समेत रु. ६५,६२२।०० असुल गरी दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ६५,६२२ |
|---|---|

३१ **पाथिभरा मन्दिरको आम्दानी**

यस पालिका अन्तर्गत वडा नंबर ३ मा अवस्थित पाथिभरा मन्दिरको संरक्षण तथा व्यवस्थापन सम्बन्धी कार्य २०७९।११।१ देखि पालिका मातहत आएको र सो पश्चात मन्दिरमा भक्तजन तथा अन्य दाताहरुबाट प्राप्त हुने दान, चन्दा, भेटी, सुनचाँदी (गरगहना समेत) लगायतका सम्पूर्ण नगदी तथा जिन्सी पालिकाको आम्दानीमा आउने गरेको पालिकाले जनाएको छ । यसवर्ष पालिकालाई गत वर्षको दाखिला गर्न बाँकी रु.१२,५९,७९४।०० समेत रु. १,६४,८१,८७९।०० नगद आम्दानी प्राप्त भएको छ । पालिकाबाट प्राप्त विवरण अनुसार मन्दिरको आम्दानी पालिका मातहतमा आएदेखि २०८१ असार मसान्तसम्म भक्तजनहरुले चढाएका अनुमानित रु.१७,६३,९६८।०० मुल्य बराबरका सुनचाँदी (गरगहना समेत) पाथिभरा संरक्षण तथा व्यवस्थापन समितिका पदाधिकारी समेतको

रोहबरमा मुचुल्का गरी पालिकाको सेफ बक्समा राखिएको जनाएको छ । यसरी राखिएका सुनचाँदी (गरगहना समेत) को सुद्धता परीक्षण तथा परीमाण मापन गरेको छैन । पाथिभरा संरक्षणण तथा व्यवस्थापन समिति रोङ इलामको आर्थिक प्रशासन सम्बन्धी विनियम, २०७९ को दफा ६: च. मा हरेक महिना सङ्कलित जिन्सीको लिलाम विक्री प्रयोजनार्थ कोषाध्यक्ष मार्फत समिति समक्ष पेश गर्नुपर्ने उल्लेख छ । तर पालिकाले विनियममा भएको व्यबस्था अनुसार हालसम्म यसरी सङ्कलित जिन्सी समान लिलाम विक्री गरेको देखिएन । पालिकाले सङ्कलित जिन्सी समानको विनियममा भएको व्यबस्था अनुसार व्यवसथापन गर्नुपर्ने देखिन्छ ।

३२ **करार कर्मचारीको तलव**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ । पालिकाले विभिन्न पदमा १७ जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रु.५९,१३,१९२/- खर्च लेखेको छ ।त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ (८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन,चौकिदार, मालि, बगैँचे लगायतका पदमामात्र करार वाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले माथि उल्लेखित पद वाहेक अधिकृत छैटौ-१, सब ईन्जिनियर-२, सहायक पाचौ-१, प्राबिधिक सहायक-१ र खेलकुद प्रशिक्षक-१ गरी जम्मा ६ जना कर्मचारी करारमा नियुक्ति गरी बर्ष भरीमा निजहरुको तलब भत्ता बापत रु.२५०३४४७/- भुक्तानी गरेको छ। यसरी करारमा भर्ना गर्न नमिल्ने पदहरुमा कर्मचारी भर्ना गरी निजहरुको तलब भत्तामा गरेको खर्च नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २५,०३,४४७ |

३३ **पदाधिकारी अनुगमन**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **६७२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३४ **बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछि आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदातालाई करारका शर्त बमोजिम अन्तिम भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले श्री देवनछाप साना किसान कृषि सहकारी संस्था लि. रोङसंग सार्वजनिक निजी साझेदारीमा गुन्द्रुक सिन्की ब्रान्डिङ, प्याकेजिङ तथा मार्केटिङ कार्यक्रम सञ्चालन गर्न पालिकाको अनुदान रु.११,००,०००।०० र संस्थाको रु.२,७५,०००।०० लागत सहभागिता रहने गरी रु.१३,७५,०००।०० मा खरिद सम्झौता गरेको छ। संस्थाले सम्झौता अनुसारका सम्पूर्ण कार्य सम्पन्न गरेपछि भुक्तानी दिइने उल्लेख भएपनि सम्झौतामा कुन कुन कार्यमा के कति रकम खर्च गर्ने सो कुरा उल्लेख गरेको देखिएन । उक्त कार्य सम्पन्न गरी संस्थाले रु.१३,५७,३६५।०० को बिल भरपाई पेश गरेकोमा संस्थाको लागत सहभागिता रु.२,५७,३६५।०० मात्र गरेको देखियो । साथै पालिकाले बिल भरपाई पेश भएपछि गो.भौ.नं. ५५ बाट रु. २,८१,०००।००,गो.भौ.नं.७१० बाट रु.८,००,०००।०० र गो.भौ.नं. ४९ बाट रु. १,९२,८००।०० गरी रु. १२,७३,८००।०० भुक्तानी गरेको देखिन्छ । यसरी सम्झौता भन्दा बढी भुक्तानी भएको रकम रु. १,७३,८००।०० र लागत सहभागिताको नपुग रु. १७,६३५।०० समेत जम्मा रु.१,९१,४३५।०० सम्बन्धित सहकारीबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,९१,४३५ |

३५ **वितरण भरपाई**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ ( ५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ।पालिकाले गो.भौ.नं.४३०।०८०।९।६ बाट रु.९९४४००।०० को ११००

सेट एफ एम रेडियो ७० वर्षभन्दा माथिका जेष्ठ नागरिकहरुलाई वितरण गर्न खरिद गरेको छ । उक्त रेडियोहरु लेखापरीक्षण अवधिसम्म ५१२ थान मात्र लक्षित वर्गलाई बुझाएको भरपाई पेश भएको र बाँकी ५८८ थान रेडियो स्टोरमा मौज्दात रहेको देखियो । यसरी लामो समयसम्म वितरण नगरी स्टोर मौज्दात राख्दा मेशिनरी समान बिग्रिने र हराउने समेत सम्भावना भएकोले लक्षित समूहलाई समयमै वितरण गरी प्राप्त गर्नेको नामनामेशी सहित सार्वजनिक गर्नुपर्ने र बाकि ५८८ थानको रु.५३१५५२।०० को भरपाई पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,३१,५५२ |

३६ **कर बिजक बेगर खरिद**

मूल्य अभिबृद्धि कर ऐन,२०५२ को दफा १४ मा प्रत्येक दर्ता भएको व्यक्तिले तोकिएको अवस्थामा बाहेक कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई बीजक दिनु पर्ने व्यवस्था छ।पालिकाले उद्घोषण तालिम सञ्चालन गर्न श्रीयम मिडिया प्रा.लि. लाई गो.भौ.नं. ५२१।०८०।११।२ बाट वडा नं. २ र ३ को तालिम गराए वापत रु.२,८६,५००।०० र वडा नं. ४ मा पनि उद्घोषण तालिम गराए वापत गो.भौ.नं. ७११।०८१।१।२९ बाट रु.१,४५,८५०।०० भुक्तानी गरेको छ। संस्थाले आफ्नो कर वीजक जारी नगरी अन्य बील भरपाई पेश गरी भुक्तानी लिएको तर मिडियाको प्यान सर्च गर्दा मूल्य अभिबृद्धि करमा दर्ता भएको देखिन्छ ।अतः मूल्य अभिबृद्धि करमा दर्ता भएको व्यक्ति वा संस्थाले प्रापकलाई सेवा खरिद गरेवापत कर बीजक जारी गर्नुपर्ने व्यवस्था तथा सरकारी कार्यालयले पनि तोकिएको सिमाभन्दा बढीको कारोबार गर्दा मूल्य अभिबृद्धि करमा दर्ता भएको फर्मसँग मात्र गर्नुपर्ने व्यवस्था भएकोमा पनि त्यसको पालना भएको देखिएन ।कानूनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

३७ **अग्रिम कर**

आयकर ऐन, २०५९ को दफा ८८ र ८९ मा भएको व्यवस्था अनुसार लगानी प्रतिफल र सेवा शुल्क तथा ठेक्का वा करार वापतको भुक्तानी दिँदा लाग्ने कर कट्टी गर्नुपर्ने व्यवस्था रहेकोछ । पालिकाले देहायका फर्म वा सप्लायर्सलाई भुक्तानी गर्दा नियमानुसार लाग्ने अग्रिम रुपमा कट्टा गर्नुपर्ने कर कट्टा नगरेको तथा घटी कट्टा गरेको देखिएकोले कर रकम सम्बन्धितबाट असुल गरी राजश्व दाखिला गर्नुपर्ने रु.

| भौ नं र मिति | विवरण | सप्लायर्सको नाम | करयोग्य रकम | कट्टी रकम | नपुग रकम |
|---|---|---|---|---|---|
| ४३०।०८०।९।६ | एफ एम रेडियो खरिद | दृष्टि ट्रेडर्स झापा | ८,८०,००० | ० | १३२०० |
| १०२२।०८१।३।२८ | जेष्ठ नागरिक रेडियो सम्वाद कार्यक्रम | सूर्योदय सञ्चार विकास केन्द्र | २६५०६१ | १३३५ | २६४० |
| १०२१।०८१।३।२८ | रोडको सेरोफेरो रेडियो कार्यक्रम | आँगन एफ एम प्रा लि | ४३७२०० | ० | ६५५८ |
| ९७६।०८१।३।२३ | ऐनको मस्यौदा तयार पार्ने | हरि बहादुर सुवेदी | ८५००० | ८५० | ११९०० |
| | जम्मा रु. | | | | ३४२९८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३४,२९८ |

३८ **भ्रमण खर्च**

भ्रमण खर्च नियमावली,२०६४ को नियम ४ मा भ्रमण किफायती हुनुपर्ने, नियम १८ मा भ्रमण सम्बन्धी विल भर्पाईहरु र नियम २१ मा भ्रमण अभिलेख राख्नु पर्ने व्यवस्था गरेको छ।पालिकाले यो वर्ष अनुगमन मूल्याङ्कन र भ्रमण खर्च शिर्षकमा रु.३४,९५,७८५।०० खर्च गरेको छ । भ्रमण आदेश र संलग्न भएका विल भर्पाई परीक्षण गर्दा सबै भ्रमण आदेश भ्रमण अभिलेख खातामा दर्ता नभएको, भ्रमणको उद्देश्य स्पष्ट उल्लेख नगरेको, भ्रमण प्रतिवेदन पूर्ण रुपमा पेश हुने नगरेको लगायतका कैफियत व्यहोरा देखिएकोले अति आवश्यक र उद्देश्य वेगरको भ्रमण खर्चमा नियन्त्रण गरी भ्रमण खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

## ३९ बिबिध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान, आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ ।पालिकाको सुत्रको विवरण अनुसार विविध खर्च शीर्षकमा कुल रु.४१,२०,५४५।०० खर्च गरेको छ। यस मध्ये पालिकाले कार्यपालिका तथा कर्मचारीका बिभिन्न बैठक, फिल्ड अनुगमन, कार्यालय समय अघिपछी बसी कार्य गरेको, अथिति सत्कारमा हुने चिया, खाजा, खाना लगायतमा रु.१५,२३,१९४।०० खर्च भएको देखिन्छ । यस बाहेक बिबिध शीर्षकबाट कतिपय कार्यक्रम खर्च तथा मसलन्द, जिन्सी समान मर्मत र प्रहरी चौकीहरुलाई उपलब्ध गराउने मौलो पूजा लगायतका खर्चहरु यसबाट भएको देखिन्छ। पालिकाले विविध खर्च आफ्नो आन्तरिक आयको परिधिभित्र रही तथा प्रयोजन खुलाएर मात्र खर्च गरी यस्ता खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ ।

## ४० सवारी साधन मर्मत तथा इन्धन खर्च

अर्थ मन्त्रालयबाट जारी भएको कार्यसञ्चालन निर्देशिका,२०७७ को आठौं सस्करणको बुदा नं ७.१.५ मा सवारी साधन वापत सुविधा प्राप्त गर्ने सरकारी पदाधिकारीलाई तोकिएको मापदण्ड बमोजिमको सवारी चालक, इन्धन र मर्मत वापत एकमुष्ट रकम उपलब्ध गराइने र सो बाहेक थप सवारी साधन, इन्धन र मर्मत खर्च उपलब्ध नगराउने उल्लेख छ। पालिकाले सवारी साधन मर्मत तथा ईन्धन प्रयोगका सम्बन्धमा निश्चित मापदण्ड तयार गरी लागु गरेको देखिएन। पालिका अन्तर्गत पिकअप भ्यान १, डोजर २, एक्जा भेटर १, मोटरसाइकल २७, स्कुटर २ थान र जेनेरेटर १ थान रहेकोमा पालिकाले यस वर्ष मेशिनरी औजार तथा सवारी साधन मर्मतमा रु.५३,५९,१५५।०० र इन्धनमा रु.५९,६५,८३१।०० खर्च गरेको छ। डोजर, एक्जाभेटर मेशिन प्रयोग गरी गरेको कार्यको लागत अनुमान, प्राविधिक मूल्याङ्कन र कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने गरेको पाइयो । पालिकाले सवारी साधन अनुसार पदाधिकारी तथा कर्मचारीलाई वार्षिक मर्मत र इन्धन खर्चको मापदण्ड तयार गरी कार्यान्वियन गर्नु पर्दछ।साथै मेशिनरी औजार तथा सवारी साधन मर्मत गर्दा महालेखापरीक्षकबाट स्वीकृत भएका म.ले.प. फाराम मर्मत आवेदन तथा आदेश फाराम ४१४, मर्मत सम्पन्न ४१४(क) र मर्मत अभिलेख खाता ४१५ व्यवस्थित रुपमा राखी यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

## ४१ यातायात खर्च

नेपाल सरकार संघीय शशर्त चालु कार्यक्रमबाट महिला स्वयं सेविकाहरुलाई यातायात खर्च र पोशाक खर्च उपलब्ध गराउदै आएकोमा गाउँ पालिका चालु तर्फबाट समेत यातायात खर्च थप भुक्तानी गरेको छ । स्थानीय सरकारले आफ्नो आन्तरिक आयलाई मध्यनजर गरी थप प्रोत्साहन सम्बन्धी कार्यक्रम गर्नु पर्दछ। पालिकाले महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई संघीय शर्शतबाट उपलब्ध गराउदै आएको सुबिधाका अतिरिक्त पालिका तर्फबाट प्रति महिना बैठकमा सहभागी भएवापत मासिक रु.१,०००।०० दरले ६५ जनाको बार्षिक यातायात रु.७,८०,०००।०० भुक्तानी गरेको छ । पालिकाले यस प्रकारका थप सुविधा प्रदान गर्दा आफ्नो आन्तरिक आयलाई मध्यनजर गरी उस्तै प्रकृतिका कार्यक्रममा खर्च गर्ने प्रणालीमा नियन्त्रण गर्नुपर्दछ ।

## ४२ औषधि व्यवस्थापन

पालिकाकालाई आवश्यक पर्ने औषधी पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नुपर्दछ ।आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय सरकार शशर्त र पालिका चालुबाट समेत जम्मा रु.३१,१०,२८८।०० औषधीहरु सिलबन्दी दरभाउपत्र र कोटेशनबाट खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधीजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन। यसरी खरिद भएको औषधी तोकिएको स्पेसिफिकेशन र गुणस्तर अनुसारकै भए नभएको सम्बन्धमा सम्बन्धित क्षेत्रको विज्ञ टोलीबाट निरीक्षण गराई प्रतिवेदन समावेश गर्नुपर्नेमा गरेको देखिएन ।साथै औषधीको प्रयोग र मौज्दात अवस्था समेत यकिन गर्न सकिएन । अत: पालिकाले औषधी खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधी खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

## ४३ नन फाइलर

मुल्य अभिबृद्धि कर ऐन, २०५८ को दफा १८ भुक्तानी प्राप्त मुल्य अभिबृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गते भित्र सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नु पर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मु.अ.कर रु.९१२९४।०० भुक्तानी दिएकोमा लेखापरीक्षण अवधि सम्म पनि ती फर्महरु नन् फाईलर रहेकोले मु.अ.कर समायोजन भएको प्रमाण माग गरी समयमै कर दाखिला हुनुपर्दछ।

| फर्मको नाम | मू. अ . कर दर्ता नं | विजक नं | विजक रकम रु . | मू. अ . कर रु . | कैफियत |
|---|---|---|---|---|---|
| सूर्योदय सञ्चार विकास केन्द्र | ६०६८९९०१७ | १ | २९९५०० | ३४४५८ | Non-filer since 2080/T/3 |
| आँगन एफ एम प्रा लि | ६००७१८२६० | १३१ | ४९४०३६ | ५६८३६ | Non-filer since 2081/M/2 |
| जम्मा रु. | | | | ९१२९४ | |

४४ **शिक्षक विद्यार्थी अनुपात**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३० वटा सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छः

| क्र.स. | विद्यालयको नाम | वडा | बाल विकास दरबन्दी | स्थायी कार्यरत दरबन्दी | करार | राहात | pcf | अस्थायी/ लियन | रिक्त दरबन्दी | जम्मा दरबन्दी | विद्यालय कर्मचारी | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री ज्योति आ वि | १ | २ | ५ | १ | १ | ० | ० | ० | ९ | १ | ५६ | ६ |
| २ | श्री देविगञ्ज आ वि | १ | २ | ६ | | २ | ० | ० | ० | १० | १ | १२२ | १२ |
| ३ | श्री किसान जनहित आ वि | १ | १ | ३ | | | ० | ० | ० | ४ | १ | ३२ | ८ |
| ४ | श्री ज्ञानोदय आ वि | १ | १ | २ | | | ० | ० | ० | ३ | १ | ३७ | १२ |
| ५ | श्री अरुणोदय आ वि | २ | ० | १ | १ | | ० | ० | ० | २ | १ | २४ | १२ |
| ६ | श्री शान्तिपुर मा वि | २ | १ | ८ | | ५ | ० | ० | ० | १४ | २ | १७३ | १२ |
| ७ | श्री शशी मा वि | २ | २ | ६ | १ | ४ | ० | ० | ० | १३ | २ | १८० | १४ |
| ८ | श्री विष्णु अमर आ वि | २ | २ | ५ | | ३ | ० | ० | ० | १० | १ | १०३ | १० |
| ९ | सरस्वती आवि | २ | १ | १ | | १ | ० | ० | ० | ३ | १ | ४२ | १४ |
| १० | श्री शान्तिनिकेतन मा वि | ३ | २ | १२ | १० | १ | ० | ० | ० | २५ | २ | ३१३ | १३ |
| ११ | श्री जनता आ वि | ३ | १ | १ | | | ० | ० | ० | २ | १ | १३ | ७ |
| १२ | श्री शंकर आ वि | ३ | २ | ७ | | १ | ० | ० | ० | १० | १ | ८१ | ८ |
| १३ | श्री शारदा आ वि | ३ | १ | | १ | | ० | ० | ० | २ | १ | २८ | १४ |
| १४ | श्री चन्द्रकला आ वि | ३ | १ | २ | | | ० | ० | ० | ३ | १ | २६ | ९ |
| १५ | श्री सरस्वती मा वि रोङ | ४ | १ | ८ | ३ | ३ | ० | ० | ० | १५ | २ | १५४ | १० |
| १६ | श्री गणेश आ वि | ४ | २ | २ | | १ | ० | ० | ० | ५ | १ | ४२ | ८ |
| १७ | श्री नवसिर्जना आ वि | ४ | १ | १ | | | ० | ० | ० | २ | १ | १३ | ७ |
| १८ | बाल कल्याण आवि | | १ | | | | ० | ० | ० | १ | १ | ७ | ७ |
| १९ | श्री बहुवन मा वि | ५ | १ | ८ | | ३ | ० | ० | ० | १२ | २ | १२३ | १० |
| २० | श्री उमामहेश्वर मा वि | ५ | १ | ९ | | १ | ० | ० | ० | ११ | २ | १२४ | ११ |
| २१ | श्री चिसापानी आ वि | ५ | १ | २ | | | ० | ० | ० | ३ | १ | २२ | ७ |
| २२ | श्री इरौँटार आ वि | ५ | १ | २ | | १ | ० | ० | ० | ४ | १ | ५१ | १३ |
| २३ | नारायण आ.वि | ५ | १ | ३ | | | ० | ० | ० | ४ | १ | ३० | ८ |
| २४ | श्री मालबाँसे आ वि | ५ | १ | २ | | १ | ० | ० | ० | ४ | १ | ३८ | १० |
| २५ | श्री कुवापानी मा वि | ६ | १ | ६ | १ | २ | ० | ० | ० | १० | २ | १२९ | १३ |
| २६ | श्री जिर्मले आ वि | ६ | १ | १ | | १ | ० | ० | ० | ३ | १ | ३१ | १० |
| २७ | श्री पाटापुर आ वि | ६ | १ | २ | | | ० | ० | ० | ३ | १ | २५ | ८ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २८ | श्री मोतिराम मा वि | ६ | ३ | ८ | १ | ३ | ० | ० | ० | १५ | २ | १२० | ८ |
| २९ | श्री लामीटार आ वि | ६ | १ | २ | | १ | ० | ० | ० | ४ | १ | ५० | १३ |
| ३० | श्री सरस्वती मा वि रोङ ६ | ६ | २ | ८ | ० | २ | ० | ० | ० | १२ | २ | १७७ | १५ |
| जम्मा | | | ३९ | १२३ | १९ | ३७ | ० | ० | ० | २१८ | ३९ | २३६६ | ११ |

उपर्युक्त तालिका अनुसार पालिका भित्र ३० विद्यालय रहेकोमा कुल शिक्षकको दरवन्दी २१८ र विद्यार्थी संख्या २३६६ रहेको देखिन्छ । सो मध्ये बाल कल्याण आधारभुत विद्यालयमा ७ जना विद्यार्थी मात्र रहेकोमा १ शिक्षक दरवन्दी रही शिक्षक विद्यार्थी अनुपात १:७ रहेको, त्यसै गरी श्री शान्तिनिकेतन माध्यमिक विद्यालयमा सवै भन्दा वढी विद्यार्थी ३१३ रहेको र शिक्षक दरवन्दी २५ जना रही शिक्षक विद्यार्थी अनुपात १:१२.५२ रहेको छ । तसर्थ पालिकाले नेपाल सरकारको नीति वमोजिम शिक्षक विद्यार्थी अनुपात मिलान हुनेगरी विद्यालयहरुको व्यवस्थापन गर्नु पर्ने देखिन्छ ।

४५ **थप पारिश्रमिक**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं.१.१.४.१ मा प्रारम्भिक बालविकास शिक्षकको मासिक पारिश्रमिक रु.१०,०००।- विद्यालय कर्मचारीको पारिश्रमिक रु. १३,५००।– र विद्यालय सहयोगीको पारिश्रमिक रु.८०००।– तोकिएको छ। साथै १ महिना बरावरको पारिश्रमिक रकम चाडपर्ब खर्च र एक आर्थिक बर्षमा रु. १०,०००।– पोशाक खर्च समेत सशर्त अनुदान मार्फत् उपलब्ध गराउने व्यवस्था छ। कृयाकलापको वुँदा नं.१.३ मा माथी उल्लेखित ३ वटै पदका लागि स्थानीय तहले पारिश्रमिक व्यवस्था गर्दा नेपाल सरकारले निर्धारण गरेबमोजिम मासिक न्यूनत्तम पारिश्रमिकमा उल्लेखित रकममा नपुग हुने रकम स्थानीय तहले थप गर्नुपर्ने समेत उल्लेख छ। यस पालिकाले वालविकास शिक्षकलाई ५,०००।-थप गरी जम्मा रु.१५,०००।-विद्यालय कर्मचारीलाई ७०००।-थप गरी जम्मा रु.२१,५०००।- र विद्यालय सहयोगीलाई ७,०००।- थप गरी जम्मा रु.१५,०००।- मासिक पारिश्रमिक उपलब्ध गराउने व्यवस्था गरेको देखिन्छ। पालिकाकाको तर्फबाट यस वर्ष थप गर्नुपर्ने पारिश्रमिक रकमको अंश रु.६०,८४,०००।- मध्ये रु.१९,९१,१३६।- मात्र भुक्तानी भएको र नपुग रु.४०,९२,८६४।- संघीय सशर्त शिर्षकवाटै भुक्तानी भएको देखियो। यसरी पालिकाले गाउँपालिका चालुतर्फबाट भुक्तानी गर्नुपर्ने रकम संघीय सशर्त शिर्षकवाट भुक्तानी गरेकोले उक्त रकम रु.४०,९२,८६४।- संघीय वेरूजु खातामा दाखिला गरेको प्रमाण गर्नुपर्ने रु.

**(विस्तृत विवरण बेरूजु दफा ४५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४०,९२,८६४ |

४६ **पोशाक भत्ता**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिका, २०८०।८१ को बुँदा नं.२.२(३) मा भएको व्यवस्था अनुसार शिक्षक कर्मचारीको पोसाक भत्ता चैत्र महिनाको तलबसँगै उपलब्ध गराउनुपर्ने उल्लेख छ। साथै आ.ब. २०८० चैत्रमा दिईने पोसाक सुविधा आगामी शैक्षिक सत्र २०८१ मा विद्यालयमा अध्यापन गर्ने शिक्षकका लागि भएकाले दोहोरो नपर्ने गरी वितरण गर्नुपर्ने समेत उल्लेख छ। यस पालिका स्थित विद्यालयहरुमा कार्यरत निम्नानुसारको शिक्षक मिति २०८०।१२।२७ मा विस्थापित भएकोमा निज शिक्षकलाई समेत पोशाक भत्ता निकासा गरेको देखियो। निर्देशिकामा भएको व्यवस्था विपरीत आ.व.२०८१ मा अध्यापन नगर्ने शिक्षकलाई पोशाक भत्ता निकासा गरेको रकम सम्बन्धित शिक्षकवाट असूल गरी दाखिला गर्नु पर्ने रु.

| सि. नं . | शिक्षकको नाम | विद्यालयको नाम | पोशाक भत्ता | विस्थापित मिति |
|---|---|---|---|---|
| १ | विरेन्द्र प्रसाद फुयल | सरस्वती आ. वि . रोङ २ | १०००० | २०८०।१२।२९ |
| | | जम्मा रु. | १०००० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,००० |

४७ **स्यानिटरी प्याड वितरण**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरुका लागि निशुल्क वितरणका लागि पालिकाले गो.भौ.नं. २७३ मिति २०८०।१२।२६ मा APSHARA TRADE LINK वाट Sanitary 280mm- १००० थान प्रतिगोटा मूल्य ७७ का दरले रु.७७,०००। र Sanitary 240 mm ७००० थान प्रतिगोटा ६६ का दरले रु.४६२०००।गरी जम्मा १७००० थानको भ्याट सहित जम्मा विल रकम रु.६,०९,०७०। को खरिद देखियो। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरी विद्यालयलाई वितरण गरेको देखिन्छ। साथै खरिद गरिएका प्याडहरुको गुणस्तर परीक्षण नभएको, गत वर्षको वाँकी मौज्दात वेवास्ता गरेको साथै भण्डारण गर्दा गुणस्तरमा कमी आउने गरी सुरक्षित रुपमा राखेको पाइएन। अतः पालिकाले प्याड खरिद गर्दा आवश्यकताको पहिचान गरी समयमै खरिद गर्ने, आवश्यक परिमाण मात्र प्याड खरिद गर्ने, गुणस्तर सुनिस्चित गर्ने, साथै मौज्दात व्यवस्थापनलाई व्यवस्थित गर्ने तर्फ ध्यान दिनुपर्दछ।

४८ **संस्थागत विद्यालयको अनुगमन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-३ मा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमती सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी व्यवस्था गरेको छ । पालिकाबाट अनुमती लिइ सञ्चालनमा रहेका २ संस्थागत विद्यालयहरुको व्यवस्थापन र अनुगमन सम्बन्धमा मापदण्ड निर्धारण गरी सोहि बमोजिम अनुगमन गर्नु पर्ने व्यवस्था भएता पनि निजी विद्यालयको शुल्क निर्धारण सम्बन्धमा अनुगमन गरेता पनि शैक्षिक तथा सञ्चालन र व्यवस्थापनमा पालिकाले आफ्नो कार्य क्षेत्रभित्र सञ्चालित संस्थागत विधालयको अन्य विषयमा नियमित अनुगमन सुपरीवेक्षण तथा नियमन गरी शैक्षिक गुणस्तर बृद्धिमा ध्यान दिनु पर्दछ ।

४९ **विद्यालयमा ICT जडान**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **४,१२२,२४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५० **कार्यसम्पन्न प्रतिवेदन**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. ११.१.२.२५०० उप क्रियाकलाप नं. ८.२(च) मा विद्यालय भौतिक निर्मण अन्तर्गत भौतिक निर्माण कार्य सम्पन्न भएपछि मूल्यांकन प्रतिवेदन, नापी किताब तथा कार्यसम्पन्न प्रतिवेन २/२ प्रति तयार गरी सम्बन्धित साइट इन्चार्ज, विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा प्रमूखको दस्तखत गराई एक प्रति स्थानीय तहमा पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले नमूना विद्यालयको रुपमा रहेको शान्ति निकेतन मा. वि. को आ. व. २०७९।८० को उपभोक्ता समितिबाट सम्पन्न गर्न बाँकी रहेका कामहरुको म्याद थप गराई सम्पन्न गरेका कार्य मध्ये शान्ति निकेतन मा. वि. टायल लगाउने कार्य रु. ३१,१०,७१८।०० तथा नमूना विद्यालय विकास कार्यक्रम अन्तर्गत विद्यालय भवन मर्मत, रंगरोगन र सौन्दर्यकरण कार्य रु. ३१,३२,०५९।८३ सम्पन्न गरी पालिकाबाट क्रमशः रु. २९,४९,९९९।०० र रु. २८,४९,१८२।०० समेत र रु. ५७,९९,१८१।०० भुक्तानी भएकोमा कार्यक्रम कार्यान्वयन पुस्तिकामा तोकिए वमोजिम मूल्यांकन प्रतिवेदन, नापी किताब तथा कार्यसम्पन्न प्रतिवेनमा विद्यालयका प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षले दस्तखत गरेको नदेखिएकोले तोकिए वमोजिमका प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५७,९९,१८१ |

५१ **अनुगमन प्रतिवेदन**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **२,०००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५२ **पाथीभरा मन्दिर संरक्षण तथा व्यवस्थापन**

पाथीभरा मन्दिर संरक्षण तथा व्यवस्थापनको लागि लागत अनुमान रु.८३,१९,६४०।३९ मा विभिन्न निर्माण तथा पुनर्स्थापना गर्न पाथीभरा संरक्षण तथा व्यवस्थापन समितिसंग सम्झौता गरी रु.८२,५२,३६०।०५ वरावरको कार्यसम्पन्न र सोही वमोजिम भुक्तानी भएको छ। यस सम्वन्धमा देखिएका थप व्यहोरा देहाय वमोजिम रहेका छन्।

५२.१ **निर्माण सामग्री** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी कुनै प्रकारले हस्तान्तरण भई वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ती तथा जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई जिन्सी कितावमा सात दिन भित्र आम्दानी वाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। पालिकाले पाथीभरा संरक्षण तथा व्यवस्थापन समितिसँग सम्झौता गरी सोही वमोजिम २३९.२७ घनमिटर ढुङ्गा फुटाएर स्टोर गरी राखेको भए तापनि यसरी स्टोर गरेको ढुङ्गा जिन्सी आम्दानी वाँधेको देखिएन। आइटम नं.१८ मा Hard rock braking & Stone for future structure को लागि प्रति घ.मि.रु.३,०९२।०० ले २३९.२७ घ.मि.को रु.७,३९,८२२।८४ भुक्तानी भएको देखिन्छ। भविश्यमा मन्दिर लगायत मन्दिर परिषरमा अन्य निर्माणको लागि ढुङ्गा स्टोर गरी राखिएको पालिकाको भनाई रहेको छ। उक्त ढुङ्गा जिन्सी आम्दानी गरी निर्माणको चरणमा प्रयोग भए वमोजिम खर्च लेखाङ्कन गर्दै जानु पर्दछ। यसरी खरिद भएको निर्माण सामग्री जिन्सी आम्दानी वाँधी राख्नुपर्ने देखिएको रु..

**(विस्तृत विवरण बेरूजु दफा ५२.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,३९,८२३ |

५२.२ **अग्रिम कर** - आय कर ऐन, २०५८ को दफा ८९(३क) मा उपभोक्ता समिति मार्फत काम गराउने गरी गरिएको पचास लाख रुपैंया भन्दा वढीको भुक्तानी रकममा एक दशमलव पाँच प्रतिशतका दरले कर कट्टि गर्नुपर्ने व्यवस्था छ। पालिकाले रु.८३,१९,६४०।३९ लागत अनुमान भएको पाथीभरा मन्दिर संरक्षण तथा व्यवस्थापन सम्वन्धी कार्यमा रु.८२,५२,३६०।०५ भुक्तानी दिएको देखिएकोले सो रकमको एक दशमलव पाँच प्रतिशतले हुने रु.१,२३,७८५।४० अग्रिम कर कट्टि गर्नुपर्नेमा रु.१,०५,७०१। मात्र कट्टि गरेको देखिएकोले नपुग रु.१८,०८४।४० कर दाखिला गर्नुपर्ने देखिएको रु..

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,०८४ |

५३ **रोङ कृषि वजार**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले रोङ कृषि वजार तथा स्टल निर्माणको लागि उपभोक्ता समितिसँग रु.६६,२०,१२५।८० मा सम्झौता गरेको देखियो। उपभोक्ता सम्वन्धि विल तथा नापी किताव परीक्षण गर्दा नापी कितावमा जोडजम्मा फरक पारी आइटम नम्वर ११ को MS Pipe railing work मा वढी परिमाणको भुक्तानी भएको देखिन्छ। नापी किताव परीक्षण गर्दा MS Pipe ३२९७.६६ के.जि. काम भएकोमा ३६७०.१२ के.जि.को भुक्तानी दिएको देखियो। यसरी वास्तविक काम भन्दा ३७२.४६ के.जि. वढी परिमाणको प्रति के.जि.रु.२१३।४९ ले हुने रु.७९,५१६।४८ उपभोक्ता समितिबाट असूल गर्नुपर्ने रु...

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७९,५१६ |

५४ **प्रशासकीय भवन**

गाउँपालिका प्रशासकीय भवन निर्माणका लागि ठेक्का नः RRM/ILAM/NCB/WORKS/2078/79- 03 बाट लागत अनुमान रु.७,०५,७७,४६३।७१ भएको निर्माण कार्य रु.५,१४,२१,७००।२३ मा नमुना कन्स्ट्रक्सन प्रा.लि.सँग सम्झौता भएको छ। हाल सातौ रनिङ विल सम्म रु.३,५९,७१,९५२।०७ भुक्तानी भएको यस खरिद सम्झौता सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन्।

५४.१ **बढी भुक्तानी**

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२६** को निर्णयले रू **३,८४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५४.२ **भेरिएशन वेगर भुक्तानी** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिती सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्नसक्ने व्यवस्था छ। पालिकाले प्रशासकीय भवन निर्माण कार्यको सातौ रनिङ्ग विल सम्म कुल रु.३,५९,७१,९५२।०७ को प्राविधिक मुल्याङ्कन गरी भुक्तानी गरेकोमा देहायका आइटममा भेरिएसन नगरी विओक्युमा रहेको आइटम भन्दा वढि मुल्याङ्कन गरी भुक्तानी गरेको देखिन्छ। यसरी वढी परिमाण आवश्यक पर्ने अवस्थामा प्राविधिक पुस्त्याँई समेतलाई आधार लिई भेरिएसन आदेश स्विकृत गरी भुक्तानी गर्नुपर्नेमा सो वेगर भुक्तानी गरेको रकम नियमसम्मत नदेखिएको रु...

| आइटम नं. | विवरण | वि. ओ . क्यु . परिमाण | भुक्तानी परिमाण | वढी परिमाण | दर | वढि मुल्याङ्कन रकम |
|---|---|---|---|---|---|---|
| १५ | Stone rubble masonry | १२५ घ. मि . | २३१. ०७ घ . मि . | ८७. ७६ घ . मि . | ७५०० | ६५८२०० |
| १७ | PCC 1:1.5:3 | ५६७. १९ घ . मि . | ५७६. ७१ घ . मि . | ९. ५२ घ . मि . | ११९५० | ११३७६४ |
| १८ | TMT Reinforcement bar | ८०३१२. ५० के . जि . | ८११९१. ३० के . जि . | ८७८. ८० के . जि . | ९० | ७९०९२ |
| १९ | Form work | ३२००. १८ व . मि . | ३३०५. २७ व . मि . | १०५. ०९ व . मि . | २०० | २१०१८ |
| २० | Brick work 1:4 | २५४. ९६ घ . मि . | २८२. ६२ घ . मि . | २७. ६६ घ . मि . | १२००० | ३३१९२० |
| ४४ | Aluminium Framed | २७०. ६८ व . मि . | २८३. ४७ व . मि . | १२. ७९ व . मि . | ४३०० | ५४९९७ |
| ४८ | Grill work | ३३६०. ६७ के . जि . | ४३१७. १७ के . जि . | ९५६. ५० के . जि . | १३० | १२४३४५ |
| ५२ | Truss work | ३३२६. ६४ के . जि . | ३६३६. २३ के . जि . | ३०९. ५९ के . जि . | १३८ | ४२७२३ |
| | जम्माः | | | | | १४२६०५९ |
| | मु. अ . कर | | | | | १८५३८८ |
| | कुल जम्माः | | | | | १६११४४७ |

| | |
|---|---|
| अनियमित भएको | १६,११,४४७ |

५५ **नापीमा त्रुटी गरी वढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले ठेक्का नं. RRM/ILAM/NCB/WORKS/2080/81- 18 को कृषि उपज प्रशोधन केन्द्र भवन निर्माणको लागि पुनम निर्माण सेवासँग रु.४०,१६,४५८।५३ मा सम्झौता गरेको देखियो। ठेक्का विल तथा नापी किताव परीक्षण गर्दा नापी किताबमा

जोडजम्मा फरक पारी आइटम नम्वर ८ को MS Pipe and I Beam work मा वढी परिमाणको भुक्तानी भएको देखिन्छ। नापी किताव परीक्षण गर्दा Truss work मा ८५६४.८२ के.जि., Rafter मा १२३८.०२ के.जि. र Perline मा १८५३ के.जि. गरी जम्मा ११६५५.८४ के.जि.काम भएकोमा १२६८७.११ के.जि.को भुक्तानी दिएको देखियो। यसरी वास्तविक काम भन्दा १०३१.२७ के.जि. वढी परिमाणको प्रति के.जि.रु.१५०। ले हुने रु.१,५४,६९०।५० मा मुल्य अभिबृद्धि कर समेत थप भई वढी भुक्तानी हुन गएको रु.१,७४,८००। निर्माण व्यवसायी पुनम निर्माण सेवाबाट असूल गर्नुपर्ने रु...

**(विस्तृत विवरण बेरूजु दफा ५५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७४,८०० |

५६ **हाँसपोखरी मझुवा सडक**

हाँसपोखरी मझुवा सारुपाखा मुरचुंगा इरोटार वेसीवजार सडक दोश्रो फेजमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन् ।

५६.१ **असम्वन्धित कार्य** – उपर्युक्त ग्याविन जालीको आपूर्ति सडक निर्माणसंग सम्वन्धित नदेखिएकोले यस योजनामा समावेश गर्नुपर्ने देखिदैन। निर्माण तर्फको ठेक्का सम्झौतामा समावेश गरी ग्याविन जाली आपूर्ति गर्दा लागत अनुमान भन्दा वढी दरमा खरिद भएको देखिन्छ। पालिकाले तयार गरेको लागत अनुमान प्रति वर्गमिटर रु.२७०। रहेकोमा निर्माण व्यवसायीले रु.३००। कवोल गरी सोही वमोजिम भुक्तानी भएको छ। यसरी असम्वन्धित आइटम फरक ठेक्का सम्झौतामा समावेश गर्दा प्रति वर्गमिटर रु.३०। ले ५०१ वर्ग मिटरको रु.१५,०३०। मा मुल्य अभिवृद्धि कर थप समेत रु.१६,९८४। वढी खर्च भएको देखिएकोले असम्वन्धित कार्य ठेक्का सम्झौतामा समावेश गर्ने पदाधिकारीलाई जिम्मेवार वनाई पालिकालाई थप व्ययभार परेको रकम नियमित गर्नुपर्ने रु..

| | |
|---|---|
| अनियमित भएको | १६,९८४ |

५६.२ **ग्याविन जाली** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले ठेक्का नं. RR/ILAM/NCB/WORKS/2080/81-17 को हाँसपोखरी मझुवा सारुपाखा मुरचुंगे इरोटार वेसीवजार सडक दोश्रो फेजको लागत अनुमान तयार गर्दा Providing mechanically woven double twisted heavy zinc coated hexagonal mash type 100mm*120mm खरिदको आइटम समावेश गरेको देखिन्छ। सडक निर्माणको ठेक्का सम्झौता गर्दा ग्याविन खरिद गरी भर्ने सम्मको आइटम राख्न सकिनेमा खरिदको मात्र आइटम राख्नुको स्पष्ट कारण देखिएन। ग्याविन साइज २*१*१ को ३१ गोटा (३४१ व.मि.) र ३*१*१ को १० गोटा (१६० व.मि.) गरी ५०१ वर्गमिटरको प्रति व.मि.रु.३००।ले रु.१,५०,३००। मा मु.अ.कर थप समेत रु.१,६९,८३९। निर्माण व्यवसायी कुञ्जिवारी कन्स्ट्रक्सन प्रा.लि.लाई भुक्तानी भएको छ। यसरी खरिद भएको ग्याविन जाली उपर्युक्त योजनामा प्रयोग भएको देखिएन भने कार्यालयमा जिन्सी दाखिला पनि भएको देखिदैन। ठेक्का सम्झौतामा समावेश गरेको ग्याविन खरिद उपयोग भएको पनि नदेखिएको र पालिकामा आम्दानी पनि नबाँधेको कारण आपूर्ति भएर भुक्तानी दिएको विषयमा आश्वस्त हुन सकिएन। योजनाको वजेटवाट खरिद भएकोले सोही योजनामा उपयोग भएको प्रमाण पेश हुनुपर्ने अन्यथा असूल गर्नुपर्ने रु..

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,६९,८३९ |

५७ **ईरौटार सामुदायिक भवन रोङ ५**

५७.१ **नापीमा त्रुटी गरी बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले ठेक्का नं. RRM/ILAM/NCB/WORKS/2080/81- 16 को इरौटार सामुदायिक भवन निर्माणको लागि कन्काई निर्माण सेवासँग रु.२९,८२,६५७। मा सम्झौता गरेको देखियो। ठेक्का विल तथा नापी किताव परीक्षण गर्दा नापी कितावमा जोडजम्मा फरक पारी आइटम नम्वर ८ को MS Pipe work मा वढी परिमाणको भुक्तानी भएको देखिन्छ। नापी कितावमा MS Pipe work को काम २६३८.३० के.जि. भएकोमा ३२११.७८ के.जि.को भुक्तानी दिएको देखियो। यसरी वास्तविक काम भन्दा ५७३.४८ के.जि. वढी परिमाणको प्रति के.जि.रु.१९०। ले हुने रु.१,०८,९६१।१० मा मुल्य

अभिबृद्धि कर समेत थप भई वढी भुक्तानी हुन गएको रु.१,२३,१२६।१६ निर्माण व्यवसायी कन्काई निर्माण सेवाबाट असूल गर्नुपर्ने रु...

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२३,१२६ |

५७.२ **टुक्रा खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु नहुने, त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा एक पटकमा रु.१० लाखसम्म लागत अनुमान भएको सोझै खरिद गर्न सकिने तर एक आर्थिक वर्षमा एक फर्म वा कम्पनी मार्फत एकै प्रकृतिको निर्माण तथा खरिद एक पटक मात्र गर्न सकिने व्यवस्था छ। पालिकाले इरौटार सामुदायिक भवन रोङ ५ मा ठेक्का मार्फत रु.२६,६२,०७४।७५ मा भवन निर्माणको लागि सम्झौता गरेकोमा भेरिएशन स्वीकृत गरी रु.२९,८२,६७५। को निर्माण कार्यको भुक्तानी भएको देखिन्छ। सोही भवनमा कोटेशन मार्फत निर्माण तर्फ रु.९,०६,०९१।३८ र गुन्द्रुक सुकाउने ट्रफ निर्माण तर्फ रु.८,८५,६०६।८५ को खरिद भएको छ। वजेट विनियोजन तथा योजना तय भई सकेकोले सम्पूर्ण काम एउटै ठेक्का मार्फत गर्न सकिने अवस्थामा निम्नानुसार रु.१७,९१,६९८।२३ को खरिदमा उपर्युक्त ऐन नियममा भएको व्यवस्था पालना गरेको देखिएन। यसरी खरिद योजना नवनाई प्रतिस्पर्धा सिमित हुने गरी भएको खरिद कार्य अनियमित देखिएको रु...

| भौ. नं ./ मिति | विवरण | भुक्तानी भएको पार्टी | भुक्तानी रकम |
|---|---|---|---|
| ७९- २०८१।३।२४ | इरौटार सामुदायिक भवनमा गुन्द्रुक ट्रफ निर्माण | रोहित गृल उद्योग | ८८५६०६.८५ |
| २८- २०८०।८।२४ | इरौटार सामुदायिक भवनमा थप काम | माइ भगवती कन्स्ट्रक्सन | ९०६०९१.३८ |
| | जम्माः | | १७९१६९८.२३ |

| | |
|---|---|
| अनियमित भएको | १७,९१,६९८ |

५७.३ (२८-२०८०-८-२४):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० वमोजिम लागत अनुमान तयार गर्दा नियम ९ को अधिनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। इरौटार सामुदायिक भवन निर्माणको लागि ठेक्का सम्झौताबाट गरिएको काममा पुनः कोटेशन मार्फत गर्दा वढी दरमा खरिद भएको देखिन्छ। कोटेशन मार्फत भएको खरिद सम्झौताको आइटम नम्वर २ मा रहेको Different size MS truss pipe को प्रति के.जि.रु.२२५।५० मा सम्झौता गरी सोही वमोजिम भुक्तानी भएको छ। यसै योजनामा ठेक्का मार्फत गर्दा MS truss pipe प्रति के.जि.रु.१९०। मा खरिद भएको देखिन्छ। पालिकाले ठेक्कामा सम्झौता भन्दा थप काम भएकोले भेरिएशन समेत गरी भुक्तानी दिएको अवस्थामा पुनः सोहि आइटमको काम कोटेशन मार्फत गर्नु उचित देखिएन। ठेक्कामा आवश्यक सम्पूर्ण परिमाण समावेश नहुँदा भेरिएशन समेत गरेको देखिएकोमा ठेक्कामै भएको आइटमको कोटेशन मार्फत फरक दरमा भुक्तानी भएको देखिन्छ। यसरी प्रति के.जि.रु.३५.५० ले २३१७.६१ के.जि. Different size MS truss pipe को रु.८२,२७५।१५ मा मुल्य अभिबृद्धि कर थप समेत रु.९२,९७०।९६ वढी भुक्तानी गर्ने पदाधिकारीलाई जिम्मेवार वनाई निर्माण व्यवसायी माई भगवती कन्स्ट्रक्सनबाट असूल गर्नुपर्ने रु...

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९२,९७१ |

५८ **वढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले ठेक्का नः RRM/ILAM/NCB/WORKS/2080/081- 21 को हर्कटे दैले जौबारी कुवापानी लिम्बुगाउँ पाखागाउँ लामिटार सेङलेङटार सडकमा सम्झौता भन्दा वढी दरमा भुक्तानी गरेको देखियो। निर्माण व्यवसायीले पेश गरेको Letter of Bid मा The discounts offer in this project has been Twenty one Percentage of Estimated amount भनि उल्लेख गरेको देखिन्छ। सोही वमोजिम मिति २०८१।२।३१ भित्र सम्पन्न गर्नेगरी रु.२५,२५,१२२।३५ (मु.अ.कर समेत) मा निर्माण व्यवसायी

ओजस इन्जिनियरिङ्ग सोलुसन प्रा.लि.संग सम्झौता भएको छ। तर ठेक्का विल र नापी किताव परीक्षण गर्दा Letter of Bid मा उल्लेख भए वमोजिम कुनै पनि आइटममा घटाएर दर कायम गरेको देखिएन। खरिद सम्झौता गर्दा २१ प्रतिशत छुट गर्ने भनि उल्लेख गरेको देहाय वमोजिमको काममा छुट नगरी भुक्तानी दिएकोले सम्झौता भन्दा वढी भुक्तानीमा संलग्न पदाधिकारीलाई जिम्मेवार वनाई रकम सम्वन्धित निर्माण व्यवसायीबाट असूल गर्नुपर्ने रु…

| कामको विवरण | कामको परिमाण | लागत अनुमानको दर | सम्झौताको दर | भुक्तानी भएको दर | वढी दर | वढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| Excavation for all types of soil | १८०. ६५ घ . मि . | ६६.५६ | ५२.५८ | १२०. | ६७.४२ | १२१७९.४२ |
| Stone soling | ६४. ५७ घ . मि . | ४३३९.४१ | ३४२८.१३ | ३०००. | -४२८.१३ | -२७६४४.३५ |
| Providing and laying Plum concrete | ० | १०४५३.७८ | ८२५८.४९ | ७२००. | -१०५८.४९ | ० |
| Pcc 1:2:4 | ० | १२८४४.०७ | १०१४६.८२ | ९०००. | -११४६.८२ | ० |
| PCC 1:1.5:3 | ८१. २९ घ . मि . | १४२६४.९५ | ११२६९.३१ | १५०००. | ३७३०.६९ | ३०३२६७.७९ |
| HSYD bar reinforcement | ३३२०. ७५ के . जि . | १३७.४४ | १०८.५७ | १२०. | ११.४३ | ३७९५६.१७ |
| Form work | ० | ५७४.१५ | ४५३.५८ | ६००. | १४६.४२ | ० |
| Hume pipe NP3 | ४ वटा | २०५१०.३८ | १६२०३.२ | १८०००. | १७९६.८ | ७१८७.२ |
| Providing and laying Sub grade | २६३. ९० घ . मि . | ५१.१७ | ४०.४२ | १०. | -३०.४२ | -८०२७.८४ |
| 150 mm leveling compacting work of original ground | १८१. १८ घ . मि . | २६५४.१९ | २०९६.८१ | २६००. | ५०३.१९ | ९११६७.९६ |
| जम्माः | | | | | | ४१६०८६.३५ |
| मु. अ . कर | | | | | | ५४०९१.२३ |
| कुल जम्माः | | | | | | ४७०१७७.५८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,७०,१७८ |

### ५९ वीमा नगराएको

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायी तथा उपभोक्ता समितिले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिए देखि वाहेक सम्पूर्ण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । पालिकाले तपशिल वमोजिमका ठेक्कामा वीमा नै नगराइ निर्माण कार्य गराएको एवं तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नसकेको कारण उक्त लगानी जोखिममा परेको देखिन्छ । यसरी वीमा नगराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| ठेक्का नं | निर्माण व्यवसायी/उपभोक्ता समिति | कामको विवरण | सम्झौता रकम | विओक्यू मा वीमा रकम | कैफियत |
|---|---|---|---|---|---|
| RRM/ILAM/NCB/WORKS/2080/81-18 | पुनम निर्माण सेवा | कृषि उपज प्रशोधन कन्द्र भवन रोङ १ | ४०१६४५८.५३ | ३३५३५. | वीमा नगरेको |
| उपभोक्ता समिति | पाथीभरा मन्दिर संरक्षण तथा व्यवस्थापन समिति | पाथीभरा मन्दिर संरक्षण तथा व्यवस्थापन | ८३१९६४०.३९ | ० | वीमा नगरेको |
| RRM/ILAM/NCB/WORKS/2080/81-6 | सायाहाङ एण्ड निसाम निर्माण सेवा | शान्ति निकेतन मा वि भवन निर्माण | ७५०७६०७.७१ | ७६८३५.१५ | वीमा नगरेको |
| RRM/ILAM/NCB/WORKS/2080/81-19 | देउसाली कन्स्ट्रक्सन एण्ड रियलस्टेट प्रा लि | कृषि उपज प्रशोधन कन्द्र भवन रोङ ६ | ५४५५६५९.५३ | ३३५३५.५८ | वीमा नगरेको |

## ६० कृषि उपज प्रशोधन केन्द्र

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ मा निर्माण व्यवसायीले खरिद सम्झौताको उल्लंघन गरी तोकिएको समयमा तोकिएको कार्यसम्पादन गर्न नसके वापत पूर्वनिर्धारित असूल गर्नुपर्ने, त्यस्तै सम्झौताको अन्त्य गरी सम्झौता वमोजिमको काम नगर्ने निर्माण व्यवसायीको खर्चमा त्यस्तो कार्य सम्पन्न गराउनु पर्ने व्यवस्था छ। पालिकाले ठेक्का नः RRM/ILAM/NCB/WORKS/080/81/19 को कृषि उपज प्रशोधन केन्द्र भवन रोङ ६ निर्माणको लागि देउसाली कन्स्ट्रक्सन एण्ड रियल स्टेट प्रा.लि.सँग २०८१।१।३१ भित्र सम्पन्न गर्ने गरी मिति २०८०।११।१४ मा सम्झौता गरेको देखिन्छ। निर्माण व्यवसायीले समयमा काम सम्पन्न गर्न नसक्ने भनि म्याद थपको लागि २०८१।१।९ मा पालिकामा निवेदन पेश गरेकोमा २०८१।३।२४ को निर्णयबाट २०८१।४।३० सम्म म्याद थप भएको छ। सो पश्चात पालिकाले काम अगाडी वढाउनको लागि पटक पटक पत्राचार गर्दा पनि निर्माण व्यवसायीले काम सम्पन्न गर्ने तर्फ ध्यान दिएको देखिएन। खरिद सम्झौताको शर्तअनुसार तोकिएको समयमा कार्य गर्न नसकेको मनासिब माफिकको कारण खुलाई म्याद थप पनि गरेको छैन। म्याद थप पछिको कार्यसम्पन्न गर्नुपर्ने अवधि २०८१।४।३० मा समाप्त भई सकेको देखिन्छ। लेखापरीक्षण गर्दाको अवधि २०८१।९।२५ सम्म पनि काम सम्पन्न भएको नदेखिएको तथा खरिद सम्झौताको म्याद पनि समाप्त भई सकेको अवस्थामा खरिद सम्झौताको पालना नगर्ने निर्माण व्यवसायीबाट पूर्वनिर्धारित क्षतिपूर्ति लिई सम्झौता वमोजिमको कार्यसम्पन्न गराउनु पर्ने देखिन्छ।

**(विस्तृत विवरण बेरूजु दफा ६० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ६१ नमुना विद्यालय

नमुना विद्यालय, विशेष विद्यालय भवन निर्माण तथा पूर्वाधार व्यवस्थापन अनुदान मार्फत पालिका अन्तर्गतको शान्ति निकेतन माध्यमिक विद्यालयमा यस वर्ष विभिन्न निर्माण कार्यहरु भएका छन्। यस सम्वन्धमा देखिएका विषयहरु देहाय वमोजिम रहेका छन्।

६१.१ (८२-२०८१-३-२४):

**एउटै साइटमा फरक खरिद विधी** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले पूर्वाधार निर्माणको लागि सायाहाङ एण्ड निसाम निर्माण सेवासंग २०८०।११।१८ भित्र काम सम्पन्न गर्ने गरी लागत अनुमान भन्दा ३६.०३ प्रतिशत घटी रु.७५,०७,६०७।७१ मा सम्झौता गरेको देखिन्छ । साइटको अवस्था अनुसार र वचत रहेको विनियोजित रकमबाट थप काम गर्नको लागि मिति २०८१।३।८ को गाउँ कार्यपालिकाको निर्णयबाट भेरिएशन स्वीकृत भएको र भेरिएशन पछि काम समयमा सम्पन्न गर्न नसकिने जनाई २०८१।४।३० सम्म ठेक्काको अवधि पनि थप गरेको देखियो। भेरिएशन पछिको सम्झौता रकम रु.८१,७६,८७७।२५ भएको र सम्झौता वमोजिमकै कार्यसम्पन्न गरी भुक्तानी दिएको छ। यसै विद्यालयमा (भौतिक निर्माण) इन्टरलक लगाउने काम र खेल मैदान निर्माणको लागि कोटेशनवाट काम गराई सायाहाङ्ग एण्ड निसाम निर्माण सेवा र दिक्षिल निर्माण सेवालाई भुक्तानी भएको देखिन्छ। कोटेशनको लागि तयार गरिएको लागत अनुमान भन्दा १.१२ प्रतिशत घटी रु.९,७५,९६३।०० मा सायाहाङ्ग एण्ड निसाम निर्माण सेवाले त्यस्तै गरी ०.२४ प्रतिशत घटी रु.७,३९,९७०।१९ मा सम्झौता गरी काम सम्पन्न भएको छ। एउटै विद्यालयको प्रांगणमा उस्तै काम ३६.०३ प्रतिशत घटीमा भई रहेको अवस्थामा संगैको काम लागतकै

हाराहरीमा कोटेशनबाट काम गराउनु उचित देखिएन। यसरी हेर्दा पालिकाले प्रतिश्पर्धा सिमित हुनेगरी केही काम ठेक्का भन्दा वाहिर राखेर कोटेशनबाट गरेको देखिन्छ। यसरी प्रतिस्पर्धा सिमित हुने गरी निर्माणको केहि अंश कोटेशन मार्फत गरिएको नियमसम्मत मान्न नसकिने रु...

| अनियमित भएको | १७,१५,९३३ |
|---|---|

६१.२ **वढी भुक्तानी** - लागत अनुमान भन्दा ३६.०३ प्रतिशत घटी रु.७५,०७,६०७।७१ मा सम्झौता गर्दा निर्माण व्यवसायी सायाहाङ्ग एण्ड निसाम निर्माण सेवाले Earth work excavation in different types of soil मा प्रति घ.मि.रु.१००। कवोल गरी सोही वमोजिम काम सम्पन्न गरेको देखिन्छ। सोही काम कोटेशनबाट तिनै निर्माण व्यवसायीले उहि निर्माण कार्यको लागि प्रति घ.मि.रु.५३०। मा सम्झौता गरी सो वमोजिम नै भुक्तानी भएको छ। कोटेशनबाट Earth work excavation in different types of soil मा भएको जम्मा ११.४६ घ.मि. को प्रति घ.मि.रु.४३०। ले हुने रु.४,९२७।८० मा मुल्य अभिवृद्धि कर थप समेत रु.५,५६८।४१ वढी भुक्तानी भएको रकम निर्माण व्यवसायीबाट असूल हुनुपर्ने रु...

| असुल गर्नुपर्ने | ५,५६८ |
|---|---|

६२ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियामवली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार ब्याक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवस्यक बिल , भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नु पर्ने व्यावस्था छ । पालिकाले शिक्षा, स्वास्थ्य तथा कृषि क्षेत्रका लागि आवस्यक कार्यविधि एवं तथ्याङ्क व्यवस्थापन एप्लिकेशन निर्माण गर्न २०८०।६।३ मा प्रयास प्रारम्भ प्रा. ली. सँग विभिन्न ११ वटा कार्य गर्न सम्झौता गरेको र सम्झौता अनुसार उक्त कार्य सम्पन्न गरे वापत मुल्य अभिवृद्धि कर समेत रु. ६,२७,१५०।०० भुक्तानी गर्ने उल्लेख छ । उक्त प्रा. ली. ले तोकिएका कार्य सम्पन्न गरेको भनि भुक्तानीका लागि २०८०।१२।२७ मा रु. ६,२७,१५०।०० को विजक जारी गरेको देखिन्छ । पालिकाले विभिन्न मितिमा विभिन्न कार्यक्रमबाट उक्त प्रा.ली. लाई रु. २,७६,०००।०० पेश्की दिएको र भौ.नं. १४६। २०८१।२।१३ (गा.पा. पूजिगत) समेत विभिन्न कार्यक्रमका ५ भौचर बाट रु. २,८७,१५०।०० समेत जम्मा रु. ५,६३,१५०।०० भुक्तानी गरेको छ । उक्त प्रा.ली. लाई सम्झौता अनुसार तोकेका कार्य मध्ये शिक्षक कर्मचारी कार्यसम्पादन मूल्यांकन सकोरिङ्ग एप्लिकेशन र शिविर लक्षित डाटा मेनेजमेन्ट एप्लिकेशन गरी २ वटा कार्य गरेको नदेखिएकोले मुल्य अभिवृद्धि कर समेत रु. १,०१,७००।०० घटाई रु. ५,२५,४५०।०० मात्र भुक्तानी दिनुपर्नेमा रु. ५,६३,१५०।०० भुक्तानी गरेकोले बढी भुक्तानी गरेको रु. ३७,७००।०० असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ३७,७०० |
|---|---|

६३ **जग्गाको नापजाँच तथा नक्साङ्कन**

सर्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनैपनि खरिदको लागि तोकिएको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सर्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा नियम ९ को अधिनमा रही तयार गर्नुपर्ने उल्लेख छ । यसवर्ष पालिकाले पालिकाको वडा नंबर ३, ४, ५ र ६ मा रहेका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबसीहरुको जग्गा सर्वेक्षण तथा नाप नक्शा तयार गर्ने कार्यका लागि म्याप नेपाल ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा. ली. सँग सम्झौता गरी कार्य गराए वापत रु. १९,९१,०५९।०० भुक्तानी गरेकोमा उक्त कार्यका लागि ऐन तथा नियमावलीमा भएको व्यवस्था अनुसार लागत अनुमान तयार गरेको देखिएन । उक्त कार्यका लागि पालिकाले ६ वटा सुचिकृत फर्मसँग आर्थिक तथा प्राविधिक प्रस्ताव माग गरेकोमा ३ वटाले प्रस्तव पेश गरेको देखिन्छ । उक्त खरिद कार्यको ४ सदस्यीय खरिद समितिको २०८०।११।२० मा बसेको बैठकको निर्णयले प्रस्ताव पेश गर्ने ३ वटा फर्म वा कम्पनीको प्राविधिक प्रस्ताव खोल्ने निर्णय गरेको भएतापनि प्राविधिक प्रस्ताव उपर मूल्यांकन गरेको विवरण माग गरेकोमा पेश नभएकोले यस सम्बन्धमा थप विश्लेषण गर्न सकिएन । उक्त खरिद समितिले २०८०।११।२१ मा अर्थिक प्रस्ताव खोली सबैभन्दा घटी कवोल गर्ने म्याप नेपाल ईन्जिनियरिङ्ग

कन्सल्टेन्सी प्रा. ली. सँग रु. १९,९१,०६०।०० को सम्झौता भएको देखिन्छ । ४ सदस्यीय खरिद समितिको हरेक बैठकको निर्णयमा आर्थिक तथा प्राविधिक शाखाको प्रतिनिधिले हस्ताक्षर नगरी संयोजक र एक सदस्य गरी २ जनाले मात्र हस्तक्षर गरेको देखिन्छ । उक्त कार्य सम्पन्न गरी तयार गरेको प्रतिवेदन लेखापरीक्षणमा पेश भएतापनि जिन्सी दाखिला समेत भएको देखिएन । यसरी ऐन नियममा भएको व्यवस्था अनुसार लागत अनुमान तयार नगरी खरिद कार्य गरेको, प्राविधिक प्रस्ताव उपर मूल्यांकन नगरेको, खरिद समितिका बैठकहरुको निर्णयमा आर्थिक तथा प्राविधिक शाखाको प्रतिनिधिले हस्ताक्षर नगरेको एवं सर्वेक्षण गरी तयार गरेको नाप नक्शा सहितको प्रतिवेदन जिन्सी दाखिला समेत नभएको हुँदा उक्त खरिद कार्य नियम सम्मत नदेखिएकोले पालिकाले यस सम्बन्धमा उद्वेस्य अनुरुप प्रतिवेदन तयार भए नभएको सम्बन्धमा थप अध्ययन एवम् एकिन गरी जिन्सी दाखिला समेत गराई नियमित गर्नुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | १९,९१,०६० |

६४ **करसोङ्ग पदमार्ग**

सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्बजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल बिजकको भुक्तानी गर्दा प्रविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक नापजाँचका आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाको वडा नंबर ३ र ६ स्थित करसोङ्ग पदमार्गको स्तरोन्नतीको लागि विभिन्न संरचना निर्माण कार्यका लागि रु. ४३,११,४०८।९० को लागत अनुमान तयार गरी गाउँपालिकाको रु. १९,३८,७५०।००, जिविकोपर्जन पुनरुत्थानका लागि दिगो पर्यटन परियोजना (STLRP) को रु. १९,३८,७५०।०० र उपभोक्ताको श्रमदान रु. ४,३३,९०९।०० रहने गरी पालिका र पदमार्ग UNDP नेपाल पर्यटनबोर्ड उपभोक्ता समितिबिच २०८०।११।२८ मा कार्य सम्पन्न गर्नेगरी २०८०।८।२८ मा सम्झौता भएकोमा समयमा कार्य सम्पन्न हुन नसकी २ पटकको म्याद थप पछि २०८१।३।१५ मा रु. ४३,१२,५६७।७१ बराबरको कार्य सम्पन्न गरी उपभोक्ता समितिको अंश कट्टा गरी विभिन्न तीन भौचरबाट (अन्तिम भौचर ३८।२०८१।३।२४ विविध कोष) रु. ३८,७७,५००।०० भुक्तानी गरेको छ । उक्त सम्पन्न कार्यको विल, कार्य सम्पन्न प्रतिवेदन र नापी किताब परीक्षण गर्दा देहाय बमोजिमका कार्यको बास्तविक नापी परिमाण भन्दा विल तथा कार्यसम्पन्न प्रतिबेदनमा बढी परिमाण देखाई उपभोक्ता समितिलाई बढी भुक्तानी गरेकोले उक्त रकम असुल गर्नुपर्ने रु.

| कामको विवरण | नापी परिमाण | भुक्तानी परिमाण | बढी भुक्तानी परिमाण | भुक्तानी दर रु. | उ. स . अंश कटई बढी भुक्तानी रु . |
|---|---|---|---|---|---|
| Earth work Excavation | १२९५. १७ घ . मी . | १६७६. ५४ घ . मी . | ३८१. ३७ घ . मी . | ४६८।६५ | १६०८५६ |
| Stone soling work | २१. ३० घ . मी . | २२. ९ घ . मी . | १. ६ घ . मी . | ३७७३।४० | ५४३४ |
| P.C.C. work in hawa ghar | २३. ९१ घ . मी . | २८. ६१ घ . मी . | ४. ७ घ . मी . | १४०७३।१२ | ५९५२९ |
| Signage/Sign post | १५ गोटा | ३५ गोटा | २० गोटा | ३५००।०० | ६३००० |
| Dustbin | १५ गोटा | ३५ गोटा | २० गोटा | ३५००।०० | ६३००० |
| जम्मा | | | | | ३५१८१९ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,५१,८१९ |

६५ **परामर्श तथा डि पि आर**

पालिकाले बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डी.पी.आर. लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस पालिकाले यसवर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।

यस सम्बन्धमा निम्न व्यहोरा देखिएको छ:

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम।लागत अनुमान ( रु.) | खर्च रकम ( रु.) | आयोजनाको कार्यान्वयन अवस्था |
|---|---|---|---|---|
| विरिङ्ग खोलाको संक्षिप्त वातावरणीय अध्ययन | दाहाल ग्रुप अफ कन्सल्टेन्ट प्रा. ली . | ८०१३१० | ७४९९१९ | जिसस बाट स्वीकृत भई राष्ट्रपति चुरेतराई मधेस संरक्षण विकास समितिमा पेश हुने क्रममा रहेको । |

यस सम्बन्धमा निम्न व्यहोरा देखिएको छ:

१. यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा स्वीकृत बजेट बमोजिमनै तयार गरी खर्च गरेको उपयुक्त देखिएन । त्यसैगरी डी.पी.आर. तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनेतर्फ ध्यानदिनु पर्दछ

६६ **मौरीको घार खरिद तथा वितरण**

सार्वजनिक खरिद नियमावली, २०६४(तेह्रौ संसोधन) को नियम ८५ (१क) मा सार्वजनिक निकायले १० लाख रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था छ। साथै नियम ३१ मा बीस लाख रुपैँया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य,मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुल्ला बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्दछ। पालिकालाई प्रदेश सरकारवाट 'प्रदेश कृषि चालु` शीर्षक अन्तर्गत कृषकलाई ५० प्रतिशत अनुदानमा मौरीको घार खरिद गरी वितरण तथा तालिम सञ्चालनका लागि रु.४०,१०,०००।– अनुदान दिएको देखियो। जसमध्ये मौरीपालन सम्वन्धि तालिममा ५ लाख, घार निर्माण र खरिदमा रु.२८ लाख ५० हजार,मौरी तालिम हल निर्माण रु.६लाख र हेरालुका लागि रु.६० हजार खर्च गरेको देखिन्छ। पालिकाले मौरीको घार खरिदलाई मितव्यायी र प्रतिस्पर्धी बनाउन बोलपत्रको माध्यमवाट खरिद गर्नु पर्नेमा कृषकलाई नै घार खरिदको जिम्मा दिई उक्त लागतको ५० प्रतिशतले हुने रकम अनुदान दिएको देखियो।अतःखरिद कार्यलाई मितव्यायी र प्रतिस्पर्धी बनाउन नियमावलीमा भएको व्यवस्था बमोजिम बोलपत्रको माध्यमवाट मौरीको घार खरिद गरी वितरण गर्नुपर्नेमा सो नगरी सोझै खरिद गरेकोले उक्त खरिद कार्य नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २८,५०,००० |

६७ **प्रद्यानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्वेश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ६ वडामा २२ योजना सञ्चालन गरी यस वर्ष ६९ जनालाई औसत ९०।७१ दिनले ६२५९।१६ दिन रोजगारी उपलव्ध गराई रु.४१,८१,१२२।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

६८ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिका भित्र २६ वटा सहकारी संस्था रहेकोमा मासिक रुपमा कुनैले पनि विवरण पेश गरेका छैनन् । १२ वटाले वार्षिक समष्टिगत विवरण एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा पेश गरेको र बाँकी १४ वटाले विवरण पेश नगरी निष्क्रिय रहेको पालिकाले जनाएको छ । त्यसैगरी पालिकाले सबै सहकारी संस्थाहरुको अनुगमन निरीक्षण गर्ने गरेको जवाफ दिएतापनि अनुगमन गरी लिखित रुपमा तयार गरिएको प्रतिवेदन लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ पालिकाले ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

## ६९ सामुदायिक वनवाट आय

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचितकोष जम्मा गर्नुपर्ने उल्लेख छ । पालिकाको क्षेत्रभित्र रहेका ३१ वटा सामुदायिक वन मध्ये यस वर्ष ८ सामुदयिक वनले पालिकामा वन पैदावर विक्रि वापत रु.९,४३,७४९।०० बुझाएको विवरण प्राप्त भएको छ । पालिकाले ऐनमा भएको व्यबस्था बमोजिम आफ्नो क्षेत्रभित्र रहेका सबै सामुदायिक वनको अभिलेख राखी कार्य योजना स्वीकृत गरेर वन पैदावर बिक्रि वापत प्राप्त हुने रकम खोजी गरी आम्दानी बाँध्नुपर्दछ ।

## ७० सामाजिक सुरक्षा

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टि गरी अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय तहको हुने व्यवस्था छ। पालिकाले यस वर्ष रु.१२,५०,६७,२१६।- सामाजिक सुरक्षा वापतको रकम निकाशा गरेकोमा लाभग्राहिको जन्म मिति विवरण, वैङ्क खाता नं. अद्यावधिक गरी एम.आइ. एस.मा पुर्ण रुपमा प्रविष्ट गरेको देखिएन । कार्यालयले समाजिक सुरक्षा भत्ता पाउनेको नाम, खाता नं र परिचय पत्र तथा जन्म मिति लगायतको सम्पुर्ण विवरण अधावधिक गरी एम.आइ. एस.मा प्रविष्ट गरी सामाजिक सुरक्षा वितरणलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

१. गत वर्षको सामाजिक शुरक्षा खर्च रकम रु.११,४६,७५,९७७।- यस वर्षको प्रथम किस्ता रु.३,०५,८७,१७३।- र दोश्रो किस्ता रु.३,०९,१६,११५।- बैङ्कमार्फत निकासा गरिएको साथै तेश्रो किस्ता रु. ३,१४,३७,१०९।- र चौथो किस्ता वापत रु. ३,२१,२६,८१९।- EFT गरी जम्मा खर्च रु.१२,५०,६७,२१६।- सामाजिक सुरक्षा भत्ता वापत खर्च भएको देखिन्छ। यस वर्ष बढी खर्च भएको रकम रु.१०३९१२३९।- लाभग्रहीहरुको कुल संख्या ३९७ जना वृद्धि भएको कारण गत बर्षको भन्दा वढी खर्च भएको पालिकाको भनाई रहेको छ। गत वर्ष र यस वर्षको लाभग्राहिको विवरण देहायबमोजिम छनः-

| | २०७९/८० को अन्तिम त्रैमासिक | | २०८०८१ को अन्तिम त्रैमासिक | |
|---|---|---|---|---|
| लाभग्राहिको विवरण | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम |
| अन्य जेष्ठ नागरिक भत्ता | १०५४ | १२५९०७०९ | १३०८ | १५५९४६४० |
| जेष्ठ नागरिक भत्ता (दलित) | ६० | ४७८८०० | ६५ | ५१६०४० |
| जेष्ठ नागरिक एकल महिला | १३८ | १०९३२६० | १३० | १०३४७४० |
| विधवा | १७३ | १३६१९२० | २०५ | १६२५२६० |
| पूर्ण अपाङ्गता भत्ता | २६ | २९५७९२ | ३६ | ४०६९८० |
| अति अशक्त अपाङ्गता भत्ता | ९३ | ५८९४५६ | ११२ | ६९३७२८ |
| लोपन्मूख बालबालिका | १ | ११९७० | ० | ० |
| दलित बालबालिका | ५० | ७७५४० | ६४ | ९७९०१ |
| लोपन्मुख जाति | ९४६ | ११३०३६७० | १०१८ | १२१५७५३० |
| जम्मा | २५४१ | २७८०३११७ | २९३८ | ३२१२६८१९ |

**(विस्तृत विवरण बेरूजु दफा ७० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : रोङ गाउँपालिका, इलाम , रोङ गाउँपालिका , इलाम

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | दिपेन्द्र दाहाल | २०७८-८-२४ | २०८०-५-१७ |
| कार्यालय प्रमुख | विनोद कुमार चौहान | २०८१-७-१२ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | अनिल तिखत्री | २०८०-५-२२ | २०८१-८-३ |
| लेखा प्रमुख | इन्द्र प्रसाद पोख्रेल | २०७७-१२-२२ | २०८१-४-१५ |
| लेखा प्रमुख | मनिष भट्टराई | २०८१-५-१६ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,९१९,९७७ | १२,४८०,५६९ | १८,२०४,४९३ | ० | ० | १,४९४,४८५ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ३४,०९९,५२४ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ६,८०९,०२० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | २७,२९०,५०४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ६९९७०३०६.०७ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३१८३४६००० | **चालु खर्च** | ३११५०९८८५.९३ |
| **प्रदेश सरकारबाट अनुदान** | २९६००००० | **पूँजीगत खर्च** | १५०२५१८२०.९७ |
| **राजश्व बाँडफाँट** | ६६१४३३६६.७६ | **वित्तीय/अन्य व्यवस्था** | १६८६९७५६९.९४ |
| **आन्तरिक आय** | २४६१२८७९ | | |
| **अन्य आय** | १४८९२४३१०.६८ | | |
| **कुल आय** | ५८७६२६५५६.४४ | **कुल खर्च** | ६३०४५९२७६.८४ |
| **बाँकी मौज्दात** | | २७१३७५८५.६७ | |

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०)

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ७,३२,२९,३१६.२९ | ० | ७,३२,२९,३१६.२९ | ७,४५,७१,८४३.३७ | ० | ७,४५,७१,८४३.३७ |
| १३००० | अनुदान | | ३२,७१,३९,९८६.२७ | ० | ३२,७१,३९,९८६.२७ | ३६,६३,१५,१२५.०० | ० | ३६,६३,१५,१२५.०० |
| १४००० | अन्य राजस्व | | २,४०,६८,३२३.६३ | ० | २,४०,६८,३२३.६३ | १,४६,५३,७७३.०३ | ० | १,४६,५३,७७३.०३ |
| क | कुल जम्मा प्राप्ति | | ४२,४४,३७,६२६.१९ | | ४२,४४,३७,६२६.१९ | ४५,५५,४०,७४१.४० | | ४५,५५,४०,७४१.४० |
| ३ | चालु | | ३१,१५,०९,८८५.९३ | ० | ३१,१५,०९,८८५.९३ | २८,१५,८३,५३०.१४ | ० | २८,१५,८३,५३०.१४ |
| २१००० | पारिश्रमिक / सुविधा | | १९,३१,८७,९९२.३६ | ० | १९,३१,८७,९९२.३६ | १८,७४,४५,८६६.८८ | ० | १८,७४,४५,८६६.८८ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ८,१६,७०,७९४.१७ | ० | ८,१६,७०,७९४.१७ | ५,८५,८०,८३४.२६ | ० | ५,८५,८०,८३४.२६ |
| २५००० | सहायता (Subsidy) | | १,२७,३२,४८८.४० | ० | १,२७,३२,४८८.४० | ४,५०,११७.०० | ० | ४,५०,११७.०० |
| २६००० | अनुदान | | ० | ० | ० | २,१३,३७,५७८.०० | ० | २,१३,३७,५७८.०० |
| २७००० | सामाजिक सुरक्षा | | ३४,७६,३२५.०० | ० | ३४,७६,३२५.०० | १,२१,४७,७०२.०० | ० | १,२१,४७,७०२.०० |
| २८००० | अन्य खर्च | | २,०४,४२,२८६.०० | ० | २,०४,४२,२८६.०० | १६,२१,४३२.०० | ० | १६,२१,४३२.०० |
| ४ | पूंजीगत | | १५,०२,५१,८२०.९७ | ० | १५,०२,५१,८२०.९७ | १५,९३,५२,५४१.०० | ० | १५,९३,५२,५४१.०० |
| ३१११० | भवन तथा संरचना | | १,७७,४४०.०० | ० | १,७७,४४०.०० | २९,४५,८६९.०० | ० | २९,४५,८६९.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | १,०६,४०,९१९.०० | ० | १,०६,४०,९१९.०० | १,५८,१९,६४४.०० | ० | १,५८,१९,६४४.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३११३० | अन्य पूँजीगत खर्च | | १,८८,६३,०८३.०० | ० | १,८८,६३,०८३.०० | १,०२,१०,१४०.०० | ० | १,०२,१०,१४०.०० |
| ३११४० | सुरक्षा उपकरण | | १२,४२,२३०.०० | ० | १२,४२,२३०.०० | ७,७९,५३१.०० | ० | ७,७९,५३१.०० |
| ३११५० | सार्वजनिक निर्माण | | ११,५२,६८,४८६.९७ | ० | ११,५२,६८,४८६.९७ | ११,७६,८०,६३७.०० | ० | ११,७६,८०,६३७.०० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | ४,९४,५९६.०० | ० | ४,९४,५९६.०० | ३५,०००.०० | ० | ३५,०००.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | | १६,७९,६४६.०० | ० | १६,७९,६४६.०० | १,१८,८१,७२०.०० | ० | १,१८,८१,७२०.०० |
| ३१२२० | मौज्दात सामानहरु | | १८,३५,५३५.०० | ० | १८,३५,५३५.०० | ० | ० | ० |
| ३१३१० | बहुमूल्य सामानहरु | | ४९,८८५.०० | ० | ४९,८८५.०० | ० | ० | ० |
| ख) | कुल जम्मा भुक्तानी | | ४६,१७,६१,७०६.९० | | ४६,१७,६१,७०६.९० | ४४,०९,३६,०७१.१४ | | ४४,०९,३६,०७१.१४ |
| ग) | बचत /कमी (ग = क-ख ) | | (३,७३,२४,०८०.७१) | | (३,७३,२४,०८०.७१) | १,४६,०४,६७०.२६ | | १,४६,०४,६७०.२६ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-) | | ३८,८१,७५८.५२ | | ३८,८१,७५८.५२ | २९,९२,६२१.०० | | २९,९२,६२१.०० |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | -७६,९९४.०० | | -७६,९९४.०० | -१२,५१८.०० | | -१२,५१८.०० |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | (३,३४,४२,३२२.१९) | | (३,३४,४२,३२२.१९) | १,७५,९७,२९१.२६ | | १,७५,९७,२९१.२६ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ५,९२,७३,०८०.९३ | | ५,९२,७३,०८०.९३ | ४,३३,२२,८७१.८९ | | ४,३३,२२,८७१.८९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | २,५८,३०,७५८.७४ | | २,५८,३०,७५८.७४ | ६,०९,२०,१६३.१५ | | ६,०९,२०,१६३.१५ |
| | | | | | | | | |

## बेरूजु दफा ४५ सँग सम्बन्धित विवरण - अनुसूची -४

| विवरण | संघवाट भुक्तानी हुने रकम(१३ महिना) | पालिकावाट थप रकम | मासिक पारिश्रमिक | संख्या जना | मासिक भुक्तानी | चाडपर्व सहित १३ महिनाको | जम्मा रु. | पोशाक खर्च रु. (१००००) | कुल जम्मा | पालिकावाट भुक्तानी हुने | पालिकावाट भएको भुक्तानी रु. | सशर्त वाट बढी भुक्तानी रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बाल विकास शिक्षक | १०००० | ५००० | १५००० | ३९ | ५८५००० | १३ | ७६०५००० | ३९०००० | ७९९५००० | २५३५००० | गो.भौ.नं.८,७३, २५,७० वाट भुक्तानी रु. | फिर्ता गर्नपर्ने रु. |
| विद्यालय कर्मचारी | १३५०० | ७००० | २०५०० | ९ | ६३००० | १३ | ८१९००० | ९०००० | ९०९००० | ८१९००० | | ६०८४००० |
| विद्यालय सहयोगी | ८००० | ७००० | १५००० | ३० | २१०००० | १३ | २७३०००० | ३००००० | ३०३०००० | २७३०००० | | १९९११३६ |
| | | जम्मा रु. | | ७८ | ८५८००० | ३९ | ११११५४००० | ७८०००० | ११९३४००० | ६०८४००० | १९९११३६ | ४०९२८६४ |

## बेरूजु दफा ५२.१ सँग सम्बन्धित विवरण - अनुसूची -५






**बेरूजु दफा ५५ सँग सम्बन्धित विवरण - अनुसूची -६**

**बेरूजु दफा ६० सँग सम्बन्धित विवरण - अनुसूची -७**

निर्माणस्थलको हालको अवस्थाः



जिल्ला : ईलाम गा.पा/न.पा. : रोङ आर्थिक वर्ष : २०८०/८१

| | पहिलो त्रैमासिक | | | | दोस्रो त्रैमासिक | | | | तेस्रो त्रैमासिक | | | | चौथो त्रैमासिक | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कायम संङ्ख्या | रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | कायम संङ्ख्या | रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | कायम संङ्ख्या | रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | कायम संङ्ख्या | रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम |
| अन्य जेष्ठ नागरिक भत्ता | १२०६ | १४३५८७७९ | १२०६ | १४३५८७७९ | १२१९ | १४५५१२९३ | १२१८ | १४५३९२९३ | १२६५ | १४९७३२६० | १२६२ | १४९३७२६० | १३१२ | १५६२०४४६ | १३०८ | १५५९४६४० |
| जेष्ठ नागरिक भत्ता (दलित) | ६३ | ५०००८० | ६३ | ५०००८० | ६५ | ५१०७२० | ६५ | ५१०७२० | ६५ | ५१३३८० | ६५ | ५१३३८० | ६५ | ५१६०४० | ६५ | ५१६०४० |
| जेष्ठ नागरिक एकल महिला | १५० | ११९७००० | १५० | ११९७००० | १४९ | ११८९०२० | १४९ | ११८९०२० | १४३ | ११४११४० | १४२ | ११३३१६० | १३१ | १०३६४५६ | १३० | १०३४७४० |
| जेष्ठ नागरिक क्षेत्र तोकिएका | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| विधवा | १८८ | १४८९६०० | १८८ | १४८९६०० | १९४ | १५३३०७७ | १९४ | १५३३०७७ | २०० | १५७४७२० | २०० | १५७४७२० | २०५ | १६२५२६० | २०५ | १६२५२६० |
| पूर्ण अपाङ्गता भत्ता | ३१ | ३७१०७० | ३१ | ३७१०७० | ३१ | ३६७०८० | ३१ | ३६७०८० | ३२ | ३८३०४० | ३२ | ३८३०४० | ३६ | ४०६९८० | ३६ | ४०६९८० |
| अति अशक्त अपाङ्गता भत्ता | १०८ | ६८०९६० | १०८ | ६८०९६० | १०९ | ६८९४७२ | १०९ | ६८९४७२ | १०८ | ६८९४७२ | १०८ | ६८९४७२ | ११२ | ६९३७२८ | ११२ | ६९३७२८ |
| क्षेत्र तोकिएका बालबालिका | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| लोपन्मूख बालबालिका | २ | २३९४० | २ | २३९४० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| दलित बालबालिका | ५४ | ८३५२४ | ५४ | ८३५२४ | ५९ | ८९५२३ | ५९ | ८९५२३ | ६४ | ९६४२७ | ६४ | ९६४२७ | ६५ | ९७९१८ | ६४ | ९७९०१ |
| लोपन्मुख जाति | ९९७ | ११८८२२२० | ९९७ | ११८८२२२० | १००७ | ११९९७९३० | १००७ | ११९९७९३० | १०१५ | १२१०९६५० | १०१५ | १२१०९६५० | १०१८ | १२१५७५३० | १०१८ | १२१५७५३० |
| जम्मा | २७९९ | ३०५८७१७३ | २७९९ | ३०५८७१७३ | २८३३ | ३०९२८११५ | २८३२ | ३०९१६११५ | २८९२ | ३१४८१०८९ | २८८८ | ३१४३७१०९ | २९४४ | ३२१५४३५८ | २९३८ | ३२१२६८१९ |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- पालिकामा निर्माणाधीन कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ।